नयाँ सन्दर्भ साप्ताहिक
Naya Sandarbha Weekly

सबैको रोजाई
मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत
विर्तासिटी हस्पिटल
विर्तामोड, झापा

वर्ष : २५ अंक : २१ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ पुष १९ *(January 3, 2021)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-

### मिलिभगतमा अबैध चोरी तस्करी बढ्दै

# घुमुवा प्रहरी तस्कर र हाकिमका समन्वय कर्ता मात्र

**–सन्दर्भ समचारदाता**

भद्रपुर । पूर्वका झापा र इलामका भारतीय सीमा नाकाबाट अबैध चोरी तस्करी मिलिभगतमा हुदै आइरहेको (ब्यापारी) श्रोतको दाबी छ । श्रोतका अनुसार, जिल्ला तथा इलाकामा रहेका सुरक्षाकर्मीलाई तस्कर समूहले खुसी पारेर दैनिक लाखौँ रूपैयाँ मूल्य बराबरका अवैध तरिकाबाट सामान आयत निर्यात हुदै आएको हो । चोरी- पैठारी नियन्त्रण गर्दै राजस्व चुहावट रोक्ने र सीमा क्षेत्रमा हुने अन्य अपराधिक कृयाकलाप निस्तेज पार्नका लागि नेपाल प्रहरी र शसस्त्र प्रहरीसँगै सङ्गठनका सादा पोसाकमा प्रहरी परिचालन गरे पनि परिचालित प्रहरी उद्देश्य विपरित कमाउने अभियानमा लागेका छन् । प्रहरी प्रशासनले यस तथ्यलाइ ठाडै अस्वीकार गरे पनि, घुमुवा उपनाम पाएका त्यस्ता प्रहरी तस्कर र हाकिमका समन्वय कर्ता मात्र भएको व्यापारीहरू नै बताउने गर्छन् ।

श्रोतका अनुसार, नेपाल भारतबीच रहेका खुला नाकाका कारण झापाको केचना हुदै जलथल, ज्ञानी चोक झोलुङ्गे पुल छेउको बाटोबाट सामान नेपाल आउने गरेको छ । त्यसैगरी भद्रपुरको घोडामारा नाकाबाट कपडा तस्करी हुदै आएको छ । सो नाकाबाट एक हप्ता यताबाट कपडाको धन्दा शुरु भएको हो । उता काँकडभिट्टाको



मेची भन्सार देखी केही दक्षिणमा रहेको चिया बगानबाट सुपारी,मरिच र छोगडा भारत पठाउने गरिन्छ भने सोही क्षेत्रको तिरीङ ,नकलबन्दा नाका समेत प्रयोग हुदै आएको छ । सो नाकाबाट व्यापारीको सामान आउने गरेको छ । काँकडभिट्टा र इलाम गरी दैनिक एकसय पोका कपडा नेपाल छिर्ने गरेको एक कारोबारीले नै बताए । टेम्पोमा ३ हजार देखी ३५ सय सम्म खर्च गर्दा २ पोका सामान इटहरीसम्म पुग्ने गरेको उनी बताउँछन् ।

त्यसैगरी इलामको छब्बिसेबाट भित्री कच्ची बाटो प्रयोग गरी झापाको धुलाबारीमा पिकअप भेन मार्फत कपडा आउने गरेको छ भने मुख्य सडकबाट प्रत्येक यात्रुवाहक सवारी साधनमा १ वा २ पोका दैनिक विर्तामोड आउने गरेको छ ।

त्यस्तै फिकलबाट हिले नाका प्रयोग गरी हर्कटे हुदै दानाबारीको सडक प्रयोग गरी विर्तामोड ल्याउने सोही समूहले चुरोट,मरिच, सुकुमेल,मटर भारत पठाउदै आएको स्रोतको दाबी छ । कारोबारीले दुवै तर्फका प्रहरीका पूर्व तथा कार्यरत घुमुवा मार्फत 'नजरना' बुझाउने गरेको बताएका छन् । कामको अवस्था र परिमाण हेरेर रकम दिने गरेको उनीहरुले नाम उल्लेख नगर्ने शर्तमा बताए । समाचार आएपछि केही दिन काम रोकिएपनि पुनः सुचारु हुने उनीहरु बताउँछन् । दैनिक विहान ५ देखी ९ बजेसम्म भारतबाट कपडा आउछ भने रातिको समयमा मरिच,मटर, सुपारी भारत जाने गरेको छ । अवैध रुपमा आएको सामानलाइ वैध बनाएर विर्तामोडबाट केरियर र रात्री वसबाट काठमाडौं जाने गरेको समेत पाइएको छ । सामान एक सय पिस छ भने कारोबारीले ३० देखी ४० पिसको बिल बनाएर सामान पठाउने गरेका छन् । यस कार्यमा भन्सार समेत सामेल भएको पाइन्छ । भन्सार काट्दा आयातित सामानको परिणाम घटाएर राजश्व रकम चुहावट हुने गरेको हो ।

### पूर्व राष्ट्रपति डा.यादव

# प्रतिनिधिसभा विघटन असवैधानिक



काठमाडौं : पूर्व राष्ट्रपति डा. रामवरण यादवले प्रतिनिधिसभा विघटनको असंवैधानिक कदमले देश अनिश्चितताको बाटोमा गएको बताएका छन् । काठमाडौंमा राष्ट्रिय मेलमिलाप दिवसको अवसरमा तेज-तीर्थ ट्रष्टको आयोजनामा गरिएको एक कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व(राष्ट्रपति यादवले प्रतिनिधिसभा विघटनको कदमले लोकतन्त्र, संविधान, राष्ट्रियतालाई दूरगामी असर पार्ने र देश अनिश्चितताको बाटोतर्फ गइरहेको बताएका हुन् ।

उनले असंवैधानिक कदमलाई सच्याउन सबै देशवासीको जिम्मेवारी रहेको पनि बताए । पूर्व राष्ट्रपति यादवले अदालत नेपाली जनताको आशा र भरोसाको संस्था भएकोले अदालतबाट न्याय हुनेमा सबै लोकतन्त्रवादी र आफ्नो पनि आशा रहेको विश्वास व्यक्त गरे । यादवले २०३३ सालमा बिपी कोइराला र गणेशमान सिंह क्षेत्रीय राजनीतिको जटिलताका कारण देशमा प्रजातन्त्र, राष्ट्रियता र शान्तिको निम्ति मेलमिलापको नीति लिएर नेपाल फर्किएको स्मरण गर्दै अहिलेको परिस्थितिमा क्षेत्रीय राजनीति झनै जटिल बनेको बताए । नेपालको अहिलेको राजनीतिक अवस्थामा अन्तर्राष्ट्रिय ध्यान पनि केन्द्रित रहेको भन्दै पूर्व(राष्ट्रपति यादवले यस्तो अवस्थामा लोकतान्त्रिक संस्थाहरूले आफ्नो कर्तव्य निर्वाह नगरे राष्ट्रलाई भलो नहुने बताए । भू-राजनीतिक, समसामयिक अवस्थालाई चिन्तन गरी स्वस्थ विदेश नीति नल्याए राष्ट्रको जगेर्ना गर्न अप्ठ्यारो पर्ने पनि उनको भनाइ छ । पूर्वराष्ट्रपति यादवले राष्ट्र र राष्ट्रियताको दूरगामी प्रभावलाई विचार नगरी प्रतिनिधिसभा विघटन गरेर लोकतन्त्रलाई आघात पारिएको बताए । राष्ट्रिय शक्ति मिलेर सबै समस्याको निदान हुने भन्दै उनले मेलमिलापको नीति आजको दिनमा अझ सान्दर्भिक भएर गएको उल्लेख गरे ।

**सन्दर्भ टोपी दिवश**

# टोपी–दायाँ भगवानलाई, बायाँ प्रेमिकालाई

'हिजोआजका मान्छेलाई टोपी लाउनै आउँदैन', बगनासकाली ७ कल्लाबारीका ८२ वर्षीय मानबहादुर रानाले विगत सम्झँदै भन्नुभयो, ' अहिले लगाइने सिधा टोपी सरकार र सभ्यताको लागि मात्रै हो ।' रानाका अनुसार पूजाआजा र धार्मिक



कार्यक्रममा जाँदा दायाँ र प्रेमिकालाई भेट्न जाँदा बायाँ ढल्काएर टोपी लगाउनुपर्छ । 'बिहे, भोजभतेर वा रमझममा सिधा लगाउने चलन हो', उहाँले भन्नुभयो । 'धेरैलाई त जुवाडेले लगाउने तरिका मात्रै थाहा छ', ६९

बाँकी पृष्ठ ४ मा

# भानुचौक उत्तर सडक दुर्घटना स्थल बन्दै

**–सन्दर्भ समाचारदाता**

भद्रपुर । निर्माण ठेकेदारको ढिलासुस्ती तथा खानेपानी संस्थानको चरम लापरवाहीले भद्रपुर स्थित भानु चौक उत्तर संगम दक्षिणको मेची राजमार्ग यात्रुको ज्यान लिने दुर्घटना स्तल बन्दै गएको छ ।

हुलाकी सडक अर्न्तगत लिङ्क रोडका रुपमा चार वर्ष अगाडिबाट निर्माण थालनी भएको सो सडक खण्ड जताभावी खनेर छोड्दा फुटेका पाइप लाइन खानेपानी संस्थान भद्रपुरले समयमै मर्मतसंहार नगर्दा हिलाम्मे सडकका खालडाखुल्डीले यात्रुको ज्यान लिने दुर्घटना स्तल बन्दै गएको हो ।



संस्थानको व्यवस्थापन पक्षको चरम लापरवाहीले जताभावी फुटेका पाइपलाइनबाट भद्रपुर नगरपालिका क्षेत्रको दक्षिणी भेगका बासिन्दाले पिउने पानी प्रदुषित रूपमा वितरण भइरहेको पाइएको छ ।

स्थानीयले पटक पटक पिउने पानीको फुटेको पाइपलाइनबाट मिसावट भएर ढल प्रवेश गर्दा जनस्वास्थ्यमा जोखिम बढेको भन्दै संस्थान नेतृत्वसित गुनासो गर्दा समेत सुनुवाइ नभएको बताउने गरेका छन् ।

संस्थानका जिम्मेवार कर्मचारी तथा प्राविधिकको लापरवाहीले सडक छेउछाउ फुटेका पाइपलाइन राम्ररी मर्मत नहुँदा जनश्वास्थ्यमा नकारात्मक प्रभाव बढ्दै छ भने संस्थानमा जम्मा हुने लाखौं रकमको पानी सडकमा बगेर खेर गइरहेको छ ।

निर्माणाधीन मेची राजमार्ग तथा भद्रपुर नगरभित्रका विभिन्न निर्माणाधीन भित्री सडकमा फुटेका पाइप लाइन मर्मत तथा सुधारमा संस्थान नेतृत्वले बेवास्ता गरिरहेको छ भने जिम्मेवार जनप्रतिनिधि समेत बेखवर रहने गर्दा सडक हिलाम्मे भइरहेका छन् ।

संस्थानको लापरवाही प्रति स्थानीयले वडा कार्यालय देखि नगरपालिकासम्म गुनासो गरेका भए पनि सुनुवाइ नभएको बताएका छन् । बाक्लो सवारी चाप रहने अधिकाम्स सडक खण्डमा छलाछुल्ल फुटेका पाइपलाइनबाट बग्ने पानीका कारण दुर्घटना जोखिम त छदैछ, सडक किनाराबाट पैदल हिड्ने यात्रुलाइ समेत हिलो छेपिने त्रासमा यात्रा गर्न बाध्यता छ । जतातती फुटेको पाइपलाइनका कारण दुई तलामाथि पानी नचढ्ने समस्या समेत भोग्नु परेको स्थानीयको दुखेसो छ । सरकारी काम कहिले जाला घम शैलीका कारण संस्थानमा कार्यरत कर्मचारी जिम्मेवार नरहेको उनीहरूको आरोप छ । सडक निर्माण ठेकेदार समेत सडक अलपत्र छोडेर बसेको अवस्था छ ।




भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
भद्रपुर (झापा) प्रदेश नं. १ को
जनहितमा जारी सूचना
- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

अर्जुनधारा नगरपालिकाको कार्यालय
शनिश्चरे (झापा) प्रदेश नं. १ को
जनहितमा जारी सूचना
- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

रोश्नी ज्वेलर्स
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०



सुनगाभा सपिङ्ग सेन्टर
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता

श्री ..............................................................................................., ठेगाना ..........................................



**प्रोस्टेट....**

लाइकोपेन भन्ने तत्वको कमी भएमा शरीरमा विशेष गरेर प्रोस्टेट ग्रन्थिमा क्यान्सर लाग्न सक्छ । यो हुनबाट बचाउछ लाइकोपेनले । र, लाइकोपेन फलफुलमा पाईन्छ । जस्तै गोलभेडा, अमला, कागती, रुख टमाटर, स्याउ र धेरै बियाँ भएका तरकारी र पहेला फलफुलमा यो पाइन्छ ।

**प्रोस्टेट के हो त भन्ने आम मानिसमा जिज्ञासा बढ्नु स्वभाविक हो । यो एउटा ग्रन्थी हो र यो पुरुषमामात्र हुन्छ । यो पिसाव थैली मुन्तिर थैलीबाट निस्कने मुत्रनली९युरेथ्रा० लाई घेरेर बसेको हुन्छ । जन्मेदेखि नै सानो आकारमा रहने यो ग्रन्थी उमेर सगै बढ्छ । वयस्क उमेरमा यसको तौल २० या २२ ग्रामसम्म पुग्छ । यो समान्य हो । यो ग्रन्थिले मुत्र प्रणालीलाई सहयोग गर्छ र सेक्स हमीनको पनि उत्पादन गर्छ । साथमा अण्डकोषबाट आउने विर्यलाई यसबाट निस्कने तरल पदार्थले सुरक्षित रुपमा सम्भोगको समयमा महिलाको योनीमार्ग हुदै पाठेघरसम्म लैजान सहयोग गर्छ । जब यसको आकारमा बृदि हुदै जान्छ र व्यात्तिलाई असहज जान्छ, जस्तै पिसाव छिनछिनमा लग्ने, राती निक्कै पटक उठनु पर्ने, पिसाव फेर्न निक्कै समय लाग्ने, ननिथ्रिएको महशुस हुने, फेरीसकेपछि पनि पुनः जाउ जाउ लाग्ने, रोक्न मुस्किल हुने, कसैकसैलाई यौन चाहना हराउने, तल्लो पेट दुख्ने, भारी हुने या पिसाव पूर्ण रुपमा रोकिने जस्ता लक्षणले सताउन थाल्छ । यस्ता लक्षण देखिएमा उपचारको आवश्यकता हुन्छ ।**

कारणहरुः– शरीरमा उत्पन्न हुने हमीन (रसराग) टेस्टोस्टेरोनको कमी हुदैजादा प्रोस्टेटको समस्या देखापर्छ । यसरी नै वंशानुगत र पटक पटक पिसावमा देखिने संक्रमण अनि संक्रमणका कारण प्रोस्टेट सुन्निनु हो । नियोप्लाजम नामक कोषहरुको अनावश्यक बृदि हो । यस्तो अवस्थालाई फाइब्रोमायोएडिनोमा भनिन्छ । यसका साथै अन्य कारणहरु पनि हुनसक्छन ।

प्रकारः– विषेश गरेर फाइब्रोमायोएडिनोमा बेनाईन र कार्सिनोजेनिक अर्थात क्यान्सर हुने र नहुने गरेर दुई रुपमा देखापर्छ । कसैकसैमा प्रोस्टेट सुन्निएर नघटेको अवस्था पनि हुन्छ । यो अवस्थामा पनि माथीकै लक्षणहरु देखा पर्ने र ती लक्षणहरु रहिरहन सक्छन । हेर्दा आकार सामान्य भन्दा ठूलोमात्र भएको अवस्थामा पनि विरामीले नियमित जाच भने गराउनु पर्छ । प्रोस्टेटको आकार धेरै ठूलो नदेखिए पनि पिसाव आउने नलि वरपर अनावश्यक बोसो या अनावश्यक कोषको विकास भएमा पनि पिसाव रोकिने दुख्ने जस्ता लक्षणहरु देखा पर्छन् । पिसाव फेरिसकेपछि पनि मुत्र थैलिमा केही मात्रामा पिसाव रहन्छ । यो अवस्थामा पनि पिसाव बारबार लाग्ने र ननिथ्रिएको जस्तो हुन्छ । यसरी नै पुरुषहरुमा प्रोस्टेट क्यान्सर उच्च दरमा देखिएको छ । प्रोस्टेट वढेको अवस्थामा जस्तै प्रोस्टेट क्यान्सरमा पनि तिनै लक्षणहरु देखिने हुदा सजग रहनुपर्छ । जस्तै पिता पुर्खामा क्यान्सरको इतिहास, आफैमा क्यान्सरको उपचार चलिरहेको अवस्थामा या प्रोस्टेटको अप्रेशन पस्चात पनि उही समस्या देखिएमा पिसाव गर्दा पोल्ने, दुख्ने भएमा, रगत देखिएमा एक पटक जाच गराउनु राम्रो हुन्छ । दिसा द्धारबाट औला छिराएर प्रोस्टेट वढेको छ या छैन थाहा पाउन सकिन्छ । आजकल त अल्ट्रासाउन्ड( भिडियो एक्स्रे) गराएर सजिलै कति ग्राम र कस्तो अवस्थामा छ भन्ने पत्ता लाग्छ । यसरी नै कति मिलिलिटर पिसाव फेरिसकेपछि पनि थैलिमा रहन्छ भनेर पत्ता लगाउन सकिन्छ । जति धेरै पिसाव थैलीमा पिसाव फेरिसकेपछि पनि रहन्छ त्यतिनै छिटो छिटो पिसाव लाग्ने र ननिथ्रिएको महशुस हुनेगर्छ ।

उपचारः– विरामीको उमेर, रोगीको अवस्था र प्रोस्टेटको आकारका आधारमा उपचार विधि अपनाइन्छ । विशेष गरेर औषधीको सेवन गरेर वढदै गरेको प्रोस्टेटलाई अरु वढनबाट रोक्ने । यदि औषधीले वढनबाट रोक्न सकेन र बिरामीलाई असहज भइरहेमा अप्रेशन अथवा वढेर गएको अनावश्यक कोषहरुलाई खुर्केर फ्याक्ने गरिन्छ ।

दोस्रो उपचार सुन्दा सजिलो लागे पनि खर्चको अभावमा र सहज सेवा उपलब्ध नभएका कारण दुर-दराजमा वस्ने अधिकाश नागरिकहरुले यस्तो खालको सेवा लिन सकेका छैनन् । यसमा पनि अप्रेशन असफल हुने र समस्या दोहोरीने घटनाहरु बढी भएकाले धैरै रोगीहरु रोग सहेर बस्न बाँध्य छन् । समय समयमा पुनः जाच गराउनु पर्छ भन्ने ज्ञानको कमी र अभावले पनि उपचार असफल भएको पाइन्छ । एक पटक जाँच या अप्रेशन गराएपछि अब पुग्यो, जानु पर्दैन भनेर बस्नु राम्रो होइन । कम्तीमा पनि वर्षमा एक पटक जँचाउनु उचित हुन्छ । यसका साथै भविष्यमा प्रोस्टेट क्यान्सर हुन पनि सक्छ भन्ने कुरा ध्यानमा राखेर एउटा रगतको परीक्षण गराउनु राम्रो हो । त्यो जाचलाई पिएसए भनिन्छ । यो जाचबाट भविस्यमा हुन सक्ने क्यान्सर बेलैमा थाहा पाएर बच्ने उपाय अपनाउन सकिन्छ ।

**यसरी नै बिना अप्रेशन प्रोस्टेट पीडितलाई राहत दिन सकिन्छ औषधीको माध्यमबाट पनि । होमियोप्याथिक, आर्युर्वेदिक तथा योग चिकित्साबाट हजारौं प्रोस्टेट रोगीहरुले राहत पाएका छन् । नियमित व्ययाम खानपिनमा सरलता अर्थात सहजै पच्नसक्ने शाकाहरी भोजन एउटा सहज माध्यम हो । मासहारीले पनि पोलेको, धेरै मसला भएको र पटक पटक पकाएको मासु नखाने । दैनिक फलफुलको मात्रा थोरै भए पनि सेवन गर्ने । एउटा अध्ययन अनुसार हाम्रो शरीरलाई आवश्यक पर्ने लाइकोपेन भन्ने तत्वको कमी भएमा शरीरमा विशेष गरेर प्रोस्टेट ग्रन्थिमा क्यान्सर लाग्न सक्छ । यो हुनबाट बचाउछ लाइकोपेनले । र, लाइकोपेन फलफुलमा पाईन्छ । जस्तै गोलभेडा, अमला, कागती, रुख टमाटर, स्याउ र धेरै बियाँ भएका तरकारी र पहेला फलफुलमा यो पाइन्छ ।**

त्यसैले बेलैमा रोगका बारेमा जानकारी राखेर आफ्नै घर र करेसाबारीमा उत्पादन हुने तरकारीको सेवन गरौं । यसबाट क्यान्सर जस्तो डरलाग्दो रोगबाट टाढा रहन सकिन्छ भने प्राकृतिक उपचर पद्वति अपनाएर अप्रेशनबाट केही हदसम्म बँच्न सकिन्छ । यसका साथै सहज जीवन जीउन पनि सकिन्छ । जसरी जंगलमा चर्ने गाईबस्तु घासपातसग मिसिएका जडीबुटी खाएर स्वस्थ हुन्छन त्यसरी नै हामी पनि सागसब्जी र फलफुलको सेवन गरेर स्वस्थ रहन सक्छौ । प्रोस्टेट समस्याका लागि होमियोप्याथिक औषधीहरु निक्कै प्रभावकारी हुन्छन् । जस्तै सेवल सेरुलेटा, थुजा, कोनियम, फेरम पिक्रिकम, बैराइटा कार्ब आदि । तर, होमियोप्याथिकमा विरामीको लक्षण र चिन्हका आधारमा औषधी दिइने हुदा कुनै पनि औषधी चयन हुनसक्छ । त्यसैले चिकित्सकको सल्लाह बमोजिम मात्र औषधी सेवन गर्नुपर्छ (लेखक रीता होमीयो क्लिनिक सेन्टरका संचालक पनि हुन्)

## विद्यार्थीद्वारा काडमाण्डौंमा “स्वाहा” कार्यक्रम

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । प्रचण्ड-नेपाल समूहका विद्यार्थीद्वारा सोमबार प्रधानमन्त्री केपी ओलीको कदम विरुद्ध सडकमै



‘स्वाहा’ कार्यक्रमको आयोजना गरेका छन् । अनेरास्ववियूले आयोजना गरेको कार्यक्रममा प्रचण्ड-नेपाल समूहका विद्यार्थीले प्रतिगामी असंवैधानिक कदम खारेजीको माग गर्दै नारा जुलुस समेत गरे ।

उनीहरूले ओलीको विरोध गर्दै स्वाहा कार्यक्रममा ‘बयलगाडा स्वाहा, मूल्य र मान्यता स्वाहा, महाकाली स्वाहा, रेलगाडी स्वाहा, गणतन्त्र स्वाहा, लोकतन्त्र स्वाहा, जनजीविका स्वाहा, पानीजहाज स्वाहा, वालुवाटार स्वाहा, विधिको शासन स्वाहा, वालुवाटारको जग्गा स्वाहा’ लगायतका नारा राखेर व्यंग्य गरेका थिए ।



मिस युनिभर्स २०२० : अन्सिका शर्मा

# डायलसिस सेवा व्यपार बन्यो

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । सरकारले मृगौला रोगीको उपचार निशुल्क गर्ने भने पनि घुमाउरो बाटोबाट व्यापार सुरू गरेको पीडितहरूको गुनासो छ । मृगौला रोगीलाई डाइलसिस सेवा निशुल्क दिइरहेको भद्रपुर स्थित मेची अस्पतालले सरकारी सेवालाई निजी व्यापारिक समूहको जिम्मा लगाएपछि सरकार नै व्यापारमा लागेको पीडितहरूको गुनासो आएको हो ।




दीर्घ रोगका रूपमा रहेको मृगौला रोग पीडितले विगतमा निशुल्क सेवा लिइरहेको भए पनि सरकारी निर्णय भन्दै विराट हेल्थ कियरलाई ५ वर्षका लागि डाइलसिस सेवा ठेक्कामा दिएपछि घुमाउरो बाटोबाट शुल्क असुल्न थालेको पीडितहरूको भनाइ छ । पछिल्लो पटक सेवाग्राहीबाट प्रतिपटक दुई सयसम्म असुल्न थालिएको उनीहरूको गुनासो छ । यता अस्पताल प्रशासन भने सेवा प्रवाह मात्र सरकारले ठेक्कामा लगाएकोले कुनै पनि शुल्क नलाग्ने दाबी गर्दै अझ राम्रो व्यवस्थापन रहेको बताउँदै आएको छ ।

विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६




अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलब्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ-४, इलाम
















ओम साई पाथीभरा हस्पिटल प्रा.लि. भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा ❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु प्रिन्टीङ् प्रेस, विर्तामोड

## सम्पादकीय

### भ्रमको खेती गर्दैमा भोट पाइएला ?

प्रधानमन्त्री केपी शर्मा ओलीले राज्य सञ्चालनको नेतृत्व लिएको दिनदेखि भ्रष्टाचारमाथि सून्य सहनशीलताको नीति रहेको बताइ रहँदा उनको तीन वर्षे शासन काललाई मात्र नियाल्ने हो भने भ्रष्टाचार घटाउने कुनै पहल या कार्य भएको नागरिकले देख्न पाएका छैनन् । यस अवधिमा विमान घोटला काण्डदेखि औषधि खरिद काण्डसम्म आइपुग्दा भ्रष्टाचार नियन्त्रण गर्ने अड्डाका प्रमुख आयुक्त समेतले घुष खाएको प्रसंग नेपाली शासकीय इतिहासमा कालो धब्बा बनेर जीवन्त बने । भ्रष्टाचार विरोधी गीत नेपाली समाजमा हिट भैरहेको बेला त्यस गीतलाई रोक्न सरकारका आसेपासे सकृय भएर लागिरहँदा सरकार मौन थियो । ठूला माछा भनिएका भ्रष्टाचारीलाई यस सरकारले कारबाही गर्न सकेको छैन तर, भ्रष्टाचार विरोधी गीतका गायक पशुपति शर्मालाई आतंकित पार्ने अभियान भने निर्वाध गरिरहेको थियो । खै त भ्रष्टाचार र भ्रष्टाचारीलाई निषेध गर्ने सामाजिक आन्दोलन ? नेपालमा यस्तो आन्दोलन आवश्यक छ र यस्ता अभियानको युवा वर्गले नेतृत्व गर्नु जरुरी छ, भन्ने ज्ञान समेत नदेखिएको नेपाली समाजमा भ्रष्टाचार र दलाली अभिन्न संस्कृति भैसकेको छ । प्रधानमन्त्रीले गर्ने भाषण पनि यही अराजक सामाजिक मनोविज्ञानको उपज मात्र हो कि भन्ने प्रश्नले सताउनु सभ्य नागरिकलाई कुरीकुरी हो । आजकल घरैपिच्छे जग्गा दलाल भेटिन्छन । कतिपय विद्यालयका शिक्षक र सरकारी कर्मचारीसमेत जग्गा दलालीको काम गर्छन् । बैंकको पैसा, वैदेशिक रोजगारीबाट प्राप्त रकमको धेरै अंश यही काममा उपयोग भइरहेको छ । बैंक, दलाल, जग्गावाला सबै मालामाल छन् । २-४ वर्षअगाडि दुई लाखमा पाइने घडेरी ५० लाखदेखि एक करोडसम्म पुगेको छ । रातारात मूल्य बृद्धि हुने प्रवृत्तिको कसैले विरोध गरेको छैन । यसबाट राज्यलाई केही मात्रामा फाइदा भएपनि कमिशनखोरी र भ्रष्टलाई मालामाल छ । हुन त राज्य सञ्चालकसित कमिशनको नाता नजोडिएको भए जग्गा टुक्रा पार्ने नीति किन खुकुलो भएर आउने थियो र ? प्रधानमन्त्रीले गर्ने भाषणले भ्रष्टाचार सेलाउँदैन, फष्टाउँदै छ भन्ने संकेतका रूपमा हेर्न सकिन्छ । भाषणकै आडमा राष्ट्रवादी रहेका प्रधानमन्त्रीले नेपाली नागरिकमाथि घात समेत गरेर कुबेलामा संसद बिघटन गरी निर्वाचनको घोषणा गरिसकेका छन् । उनले तीन वर्ष अगाडि गरेको बाचा आज कति पूरा भयो त ? देशमा कुशासन अन्त्य भयो त ? स्थिर सरकार बन्यो त ? अथवा नेपाली जनताले देशको मुहार फेर्न जिम्म लगाएको शासन सत्ता नेकपाको गोल चक्करका लागि थियो त ?

देशका ठूला आयोजनालाई हेर्न सकिन्छ । नेपाल वायुसेवाले ठूला ठूला जहाज किन्नुपर्छ, यो आवश्यकतै हो । जहाज किन्दा मन्त्री र नेतालाई आकर्षक कमिसन आउँछ र कमिसनवापतको रकम पारदर्शी पनि गर्नु पर्दैन । सोही रकमले नेताको जीवनस्तर राम्रो बन्छ, पार्टी र राजनीति चल्छ । यसरी नै प्राप्त भएको रकम चुनाव प्रचारप्रसारमा खर्च हुन्छ र हाम्रो देशका युवाले चुनाव अवधिभर ती नेताबाट राम्ररी खर्च पाउँछन् । अनि विगतका सरकारले जसरी वर्तमान सरकारका मन्त्री चल्नु पर्छ भने सोच भएका आसोपाले पाल्ने ओली सरकारबाट भ्रष्टचार रोकिन्छ त ? बूढीगण्डकी वा गेजुवाजस्ता ठूला आयोजनाहरूमा कहिले सम्झौता हुन्छ, कहिले तोडिन्छ र फेरि सम्झौता हुन्छ । यिनका कथा कमिसन र भागबन्डामै अल्झिएका थिए । यहाँ पनि राम्ररी विचार गर्ने हो भने कमिसन र भ्रष्टाचारले नै विकासको मूल फुटाएका हुन् । नत्र कुनै सडक आयोजना, हाइड्रोपावर, जहाज खरिद, एयरपोर्ट निर्माण आदिजस्ता काममा कुनै सरकार, पार्टीहरूको चासो नै हुने थिएन । मालपोत, भन्सार, यातायातका धेरै कर्मचारी तलबभत्ता र सेवाका निम्ति होइन अतिरिक्त कमाइका लागि योजना बनाउँदै कार्यालय जान्छन् र दैनिक खर्च त्यहीबाट चलाउँछन् । वन विभागका कर्मचारी ठेकेदार आउने, टाँचा लगाउने र छोडपुर्जी दिने दिनमा अफिस छुटाउँदैन । यी सबैलाई तलबभन्दा अतिरिक्त आयकै भरोसा छ । यिनै घूस र भ्रष्टाचारले नै कार्यालय चलेका छन् । प्रधानमन्त्रीका भाषणले भ्रष्टाचार रोकियो त ? नीति छैन । योजना भाषणमा आउँछ । विगतका सरकार नबोली चल्थे तर वर्तमान सरकार बोलेर चलिरहेको छ । कार्यशैलीमा नागरिकले फरक देख्न पाएका छैनन् । विगतदेखि वर्तमानसम्म भ्रष्टचार, दुरचार र थिचोमिचो निर्वाध रूपमा राज्य सञ्चालनमा दौडिरहेको अवस्था छ । यस्ता विकृति रोक्न बोलेर होइन गरेर देखाए देश र जनता धन्य हुने थिए । ओली सरकारले त्यसो गर्न सकेन । यस सरकारले गरेको भनेको आश्वासन र भ्रमपूर्ण राष्ट्रवादी स्वर छरपष्ट पारेको हो । नक्सा कोर्ने भूमि फिर्ता लिन नसक्नेले देशको माया कागजमा मात्र गर्ने रहेछ । त्यही नक्सा देखाएर अबको चुनाव जित्ने दाउ होला तर नेपाली नागरिक त्यति मूर्ख पनि नहोलान् भ्रमको खेती गर्नेलाई भोटको वर्षा नदेलान् ।

## कोचिला राज्य नाम हुदैन भने

# पहिचानयुत्त कुनै पनि नामहरू मान्दैनौं – सांसद पुर्ण सिंह



शेरधन राई मुख्यमन्त्री रहेको १ नं प्रदेशलाई किरात लिम्बुवान प्रदेश नामांकन गर्ने षडयन्त्र भइरहेको भन्दै कोचबासीहरु आन्दोलित हुन थालेका छन् । पहिचानसहितको अधिकारको मुद्दासँगै सेलाएको कोचिला राज्यको आवाजलाई उनीहरुले फेरि उठाएका छन् । जसको नेतृत्व प्रदेशसभा सदस्य पूर्णसिंह राजवंशीले गरेका छन् । त्यसका लागि कोचिला राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष समेत रहेका सांसद राजवंशीसँग गरिएको कुराकानीको संक्षिप्त सार

–अरु प्रदेशको टुंगो लागिसक्यो , प्रदेश नं १ को नामांकन चाहिँ कहिले हुन्छ ?

यो एउटा महत्वपूर्ण सवाल हो । मलाई लाग्छ, अब हाम्रो हिउँदे अधिबेशन आउँदै छ । त्यो विवाद बजेट अधिबेशनमै टुंग्याउने कुरा थियो । राजधानी त टुंगिसक्यो । नामांकनको बिषय एउटा जटिल मुद्धा हो । किन जटिल छ भने हिजो पूर्व माओवादीहरुले पहिचानको मुद्धा उठाएका थिए । संघीयता ल्याउँदाखेरी पहिचानका आधारमा संघीय अधिकार दिनु पर्छ भन्ने मान्यताले केही राज्य घोषणा पनि गरियो । त्यतिबेला कोचिला राज्य घोषणा गरियो । झापा ,मोरङ र सुनसरीलाई कोचिला राज्य घोषणा गर्दै मलाई मुख्यमन्त्री बनाइयो । विना तलबको मुख्यमन्त्री म भएँ । र ,रह्यो कुरा यो पहिचानको मुद्धा कताकता ओझेलमा पर्‍यी , पहिचानको मुद्धा छोडियो कि भन्ने आभास हुने खालको भान मलाई पनि भइरहेको छ । संघले टुंग्याउनु पर्ने हो नामांकन र राजधानीको विषय । त्यो अधिकार संघलाई थियो ।

संघले नसकेर त्यो चाहिँ गाह्रो रहेछ हेडेक भएर प्रदेशको थाप्लोमा हालिदियो । अब प्रदेशले नै झगडा गरुन् , प्रदेशले नै लाप्पा खेलुन्, अब सबै कुरा प्रदेशलाई नै छोडिदिने । शुरुमा दिएको भए यतिबेलासम्म टुंगिसक्थ्यो होला । राजधानी बल्ल बल्ल टुंगियो । त्यही पनि माथिको आशिर्वादले । धेरैको गुनासो थियो राजधानी विकसित ठाउँमा भन्दा पनि नयाँ ठाउँमा बनाउनु पर्थ्यो । विराटनगर त बनेकै थियो । नबनेको ठाउँमा बनाएको भए राम्रो हुन्थ्यो । सबै १४ जिल्लालाई पायक पर्ने ठाउँलाई राजधानी बनाऔं भनेर प्रस्ताव आएको थियो । राजधानी टुंगिसक्यो , त्यसलाई आलोचना नगरौं । त्यो घोषणा भइसक्यो । रह्यो नामांकनको बिषय , अस्ति हाम्रो बजेट अधिबेशनको समापनमा मुख्यमन्त्री शेरधन राईले हिउँदे अधिबेशनमा नामांकनको विषय सहमतिका साथ टुंग्याउने कुरा राख्नु भएको थियो । हुन त , सहमतिमै जानु पर्छ । तर , यो नामांकनको विषय अलिक लामो चल्छ जस्तो लाग्छ ।

प्रदेश सरकारले धेरै कानुन पारित गरिसक्यो । अब कानुन बनाउनु पर्ने देखिदैन । बजेट पनि पास भइसक्यो । यो हिउँदे अधिबेशन नामांकनकै अधिबेशन चल्छ जस्तो लाग्छ । बहस चल्दै जाँदाखेरी कोचिला राष्ट्रिय मुक्ति मोर्चाको अध्यक्षको नाताले मैले पनि आफ्नो कोचिला राज्यको लागि बोल्नु पर्छ जस्तो लाग्छ । किनभने लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चाका माननीय साथीहरुले लिम्बुवानको कुरा गर्नुहुन्छ , किरात राष्ट्रिय मुक्ति मोर्चाका सांसदहरुले किरातको कुरा गर्नुहुन्छ । किनभने कोचिला आन्दोलनको निमित्त , कोचिला राज्य प्राप्तिको निमित्त यो दशवर्षे जनयुद्धमा कोच जातिको पनि बलिदान छ । कोच जातिको पनि इतिहास छ । कोच जातिको पनि पृष्ठभूमि छ । त्यसकारण त्यसलाई कहाँ कसरी अटाउने हो अटाउनु चाहिँ अबश्य पर्छ भन्ने कुरा पूर्णसिंहले पक्कै राख्नेछ । रह्यो कुरा यस विषयमा लौन त कोचिला पनि हुँदैन , किरात पनि हुँदैन , लिम्बुवान पनि हुँदैन भने के चाहिँ हुन्छ त भन्ने प्रश्नमा मैले दलको बैठकमा राख्दाखेरी किरात लिम्बुवान प्रदेश भयो भने त्यसमा कोच पनि झुन्डिनु पर्‍यो । हुन त , कोचहरु अरुतिर छैनन् । झापा , मोरङ र सुनसरीमा मात्र छन् । काहि भएपनि झुन्डिनु पर्‍यो । होइन भने पहिचानको मुद्धा सकियो पहिचान छैन । १ नं प्रदेशलाई १ नं प्रदेश नै नामांकन गरेर जाँदा कसैको आपत्ति हुँदैन ।

पहिचानकै नाम राख्ने हो भने कोचिलाको पनि पहिचान छ । कोचिला पनि जोडिनु पर्‍यो । लामो नाम भएपनि कोचिला जोडिनै पर्‍यो भनेर आवाज उठाउने छु । फेरि पनि बोल्दा म यिनै शब्दहरु जोडदार रुपले उठाउने छु । रह्यो कुरा नामको विषयमा धेरै लडाई गर्नु पर्छ जस्तो मलाई लाग्दैन ।

–मुख्यमन्त्री शेरधन राईले १ नं प्रदेशलाई किरात प्रदेश नामांकन गर्नेगरी संघीय सरकारमा पेस गरिसकेको चर्चा सुनिन्छ नि ?

–मलाई थाहा छैन । उहाँ हाम्रो प्रदेशको मुख्यमन्त्री हुनुहुन्छ । दलको नेता पनि हुनुहुन्छ । उहाँले दलको बैठकमा औपचारिक रुपमा त्यो कुरा राख्नु भएको छैन । मलाई बैठकमा सहभागी नगराएर सहमति गराउनु भयो भने मलाई थाहा नहुन सक्छ । तर, उहाँको मुखारविन्दबाट किरात राज्य हुनु पर्छ भन्ने मैले सुनेको छुइनँ । किरात राज्य हुनु पर्छ भन्ने छलफलको विषय बन्थ्यो । म पनि नेकपाको सदस्य भएको हिसाबले मलाई थाहा छैन । किरात राष्ट्रिय मुक्ति मोर्चाका साँसदहरुसँग उहाँहरुले बोल्नु भएको हो भने अलग कुरा । तर, उहाँ समग्र एउटा प्रदेशको मुख्यमन्त्री हुनुहुन्छ । एउटा किरात राष्ट्रिय मुक्ति मोर्चाको मात्र मुख्यमन्त्री होइन उहाँ । समग्र जातजातिहरुको मुख्यमन्त्री हो । यानि १४ वटा जिल्लाको मुख्यमन्त्री हो । १४ जिल्लामा जातीय रुपमा , वर्गीय रुपमा , क्षेत्रीय रुपमा , भौगोलिक रुपमा पछाडि परेकालाई उहाँले संबोधन गर्नु पर्छ । सबैलाई हेरेर मात्र उहाँले बोल्नु उपयुक्त हुन्छ ।

–झापा , मोरङ र सुनसरी जिल्लालाई कोचिला राज्य घोषणा गर्नका लागि जनमत र जनआधार पुग्छ त ?

म एउटा जनप्रतिनिधि हो । कोचबासीहरुको प्रतिनिधित्व पनि गरेको हो मैले । झापा र मोरङबाट हामी तीनजनाले कोचहरुको प्रतिनिधित्व गरेका छौं । नेकपाबाट ज्ञानेश्वर राजवंशी र म पूर्णसिंह राजवंशी , त्यस्तै नेपाली काँग्रेसबाट विद्यानन्द चौधरी राजवंशी हुनुहुन्छ । हामी तीनजनाले सम्पूर्ण कोच समुदायको प्रतिनिधित्व गरिरहेका छौं । यी तीनजनाले बोलेको कुरा तीन वटा ब्यक्तिको मात्र हुन सक्छ र ? कोचबासीले हामीलाई आफ्नो आवाज बुलन्द गर्न पठाउनु भएको हो । हामीले बोल्दाखेरि हाम्रो जनमत नदेख्ने ? जनआधार नदेख्ने ? आधार देख्नु पर्‍यो । यसलाई आधार मान्नु पर्‍यो । यो एउटा छलफलको विषय बन्ला । बन्नु पनि पर्छ । नामसँग धेरै लडाई गर्नु पर्छ जस्तो मलाई लाग्दैन । हामीलाई त अधिकारसहितको पहिचान चाहिएको छ ।

–अधिकार भनेको के के अधिकार दिने त ?

–व्यवस्थापिका , कार्यपालिका र न्यायपालिका भनेको राज्यको प्रमुख अंग हुन् । यी अंगमा यी क्षेत्रमा कुन कुन जातिहरु पुगेका छैनन् ? कोच जातिको ती क्षेत्रमा अधिकारको ग्यारेन्टी के ? नाम लक्ष्मीप्रसाद घरमा खुदी चामल छैन भने केको लक्ष्मीप्रसाद ? नाम चाहिँ सुन्दर सिंह घोषणा गर्ने व्यवहार चाहिँ कुरुप गरिदिने , त्यो सुन्दरसिंहको औचित्य हुन्छ ? अधिकारसहितको पहिचानको मुद्धा उठाएको हो हामीहरुले । पहिचान मात्र होइन । राजवंशीहरुले लगाउने , कोचबासीहरुले लगाउने , कोचबासीहरुले खाने , कोचबासीहरुको संस्कृति जात्रा पाव्नी , गोरुवाँसी मनाउन राज्यले खर्च गरिदिने अनि बजेट विनियोजन गरिदिने त्यही हो पहिचान ? म भन्छु त्यो पहिचान होइन । अधिकारसहितको पहिचान हुनु पर्छ । राजनीतिक ग्यारेन्टी हुनु पर्‍यो । जनसंख्याका आधारमा जातीय प्रतिनिधित्व हुनु पर्‍यो कोचबासीहरुको ।

–कहिले दिने अधिकार ? त्यो कहिले पुरा हुन्छ ?

–अधिकारहरु धेरै छन् । बिशेष अधिकार छन् । बिशिष्ट अधिकारहरु छन् । ती अधिकार पाउँछन् कि पाउँदैनन् त कोचबासीहरुले ? पछाडि पारिदै गएका कोचबासीहरु हिजोको जस्तो लाटा छैनन् । हिजोको जस्तो अनपढ छैनन् । आज कोचबासीहरु धेरै शिक्षित भइसके । राज्य हाँक्ने क्षमता पनि राख्छन् । अवसर पाउनु पर्‍यो नि त । तर अवसर खोई ? त्यो ग्यारेन्टी हुनु पर्‍यो । त्यो अधिकार खोजेको हामीले । नाम त भोलि जे होला । भोलि १ नं प्रदेश भयो भने हामीलाई के आपत्ति? अहिले कसैले पनि आपत्ति जनाएका छैनन् । अधिकारको मुद्धा उठाएको हो हामीले । अधिकारबाट बञ्चित भएका छौ । अधिकार कस्तोले पायो भने जसले ठूलो मान्छेसँग चोचोमोचो जोड्यो , उसको लिंक छ , उसको राम्रो पहुँच छ । उसले अधिकार पाउँछ । जो जातिको मतलब लिंक छैन , उसको माथि पहुँच छैन, उसले अधिकार पाउँदैन । क्षणिक रुपमा दिने प्रलोभन अधिकार हो त ? त्यो पक्कै होइन । जहाँ जुन जातिको बाहुल् यता छ , त्यहाँ त्यही जातिलाई अधिकार दिइनु पर्छ । स्थानीय सरकारमा हो वा प्रदेश सरकारमा होस् । प्रतिनिधित्व गर्ने अधिकारको ग्यारेन्टी हुनु पर्‍यो ।

दलित समुदायले कम्तीमा संबैधानिक ग्यारेन्टी पाए नि । दलित आन्दोलन सार्थक भयो । यानि दलित समुदायले सही मुद्धा उठाएका थिए । जिते पनि । दलितले जितेको होइन , हामी आमनेपालीले जितका हौं । स्थानीय तहदेखि लिएर संघीय संसदसम्म उनीहरुले अधिकारको ग्यारेन्टी पाए । अरु जातिले के पाए ? हो , त्यही खालको अधिकार हामीले खोजेका हौं । जहाँ जहाँ क्षेत्रीय रुपमा सीमित बसोबास भएका जातिहरु छन् , तिनीहरुको अधिकार के ? कस्तो कस्तो खालको अधिकार दिने त ? नाम सँगसँगै १ नं प्रदेशको कानुनमा ग्यारेन्टी हुनु पर्‍यो । राज्यशक्तिको बाँडफाड कसरी गर्ने ? स्रोत साधनको बाँडफाड कसरी गर्ने ? हो , यी कुरा पनि त टुंग्याउनु पर्‍यो ? नाम ठूलो कुरा होइन , अधिकार ठूलो कुरा हो ।

## बाच्न पनि मन छैन अब

# बरू यहि खोलाले बगाएर लाँदा हुन्थ्यो : रतुवा पुल

– तपाईको शुभ नाम ?

–रतुवा पुल हजुर , मेरो नाम रतुवा पुल हो ।

– तपाईको जन्म कहिले भएको हो ?

पुल – हुलाकी सडक अन्तर्गत गौरीगंज गाउँपालिका र मोरङ्गको रतुवामाई नगरपालिका बीच रतुवा खोलामा मेरो घर हो । मेरो जन्म आर्थिक वर्ष २०६४।६५ मै भएको हो । उमेरले १२ बर्ष पुगे । मलाई जन्माउन नेपाल सरकारले कालिका ओएसीस जेभीलाई १० करोड ३२ लाख ९१ हजारमा ठेक्का दिएको थियो । जन्म त दियो मलाई सरकारले, तर अपाङ्ग बनाएर छोड्यो हजुर मलाई ।

– कस्तो अपांग बुझिन, जस्तो ?

रतुवा पुल – अच्चम, कस्तो जिज्ञासु तपाईं ? बुझ्नु भएन । मलाई भन्न लाज लागिराछ । मेरो अपांगताको सेल्फी लिन मात्र आउँछन् । फोटो खिच्न आउँछन् । मेरो अपांगताले होला नेताहरू टाढैबाट अनुगमन र हेरेर फर्किन्छन् । अहिले सम्म मेरो अपाङ्गताको खिल्ली मात्र उडाईरहेका छन् । नेताहरू भेट्न आए जस्तो गरि मेरो ( पुलको) सेल्फी लिएर मलाई पुर्ण बनाईदिन्छु भनेर आस्वासन मात्र दिदै आएका छन् । राष्ट्रिय तथा स्थानीय पत्रकारहरूको लागि पनि राम्रै समाचार बन्ने गर्छु । उहाँहरूको लागि म राम्रै खुराक बन्ने गर्छु । तर अहिले सम्म मेरो जन्मैदेखिको अपांगतालाई निको पार्ने कहि कतै प्रयास गरिएको छैन । सरकारले जन्म दियो तर अपांग बनाएर छोडेको छ, १२ बर्ष देखि ।

– तपाईलाई के गर्नु पर्ने हो त सरकारले स्पष्ट पारिदिनुहुन्छ कि ?

पुल – हेर्नुहोस्, सर्वप्रथम त मेरो लम्वाई जति हुनु पर्ने हो त्यो नै कम बनाईदियो । कम्तिमा ५ सय मिटर लम्बाई बनाउनु पर्नेमा २ सय ५ मिटर मात्र बनाईदिएको छ । जसले खोलाको धार बर्सेनि परिवर्तन भएर मेरो मुनिबाट नबगेर अकी तिर बाट बग्ने गर्छ । वर्षामा मानिसहरू बर्सेनि दुःख खेपिरहेका छन् । म मानव जातिलाई अति नै माया गर्छु । उहाँहरूलाई सेवा दिन चाहन्छु । खोलाको दुवै तिरबाट कम्तिमा ३ किलोमिटर मेरो (पुलकों) उत्तर दक्षिण ढुंगा जालीको बाँध बाध्नु पर्छ । अनि मेरो हुलाकी सडक संगको नाता पनि छ । त्योसंग जोड्दिनु पर्‍यो सरकारले । यति भएपछि म पुर्ण हुन्छु, बस , यति नै हो मेरो ईच्छा । तर, बनाईदिन्छु गर्दिन्छु भन्दै प्रधानमन्त्रीज्युका नजिकका नेता तथा कार्यकर्ताहरू मलाई भेट्न आउँछन् । अहिले सम्म भनेको सेलि् फ र फोटो लिने मात्र काम भएको छ ।



– प्रधानमन्त्री केपी ओली ज्युले त रतुवा खोलाको पाता फर्कादिन्छु भनेकै हो नि ? ढिलो चाडो बनाईदिनुहुन्छ होला नि त ?

रतुवा पुल – प्रतिनिधिसभा चुनावताका ओलीले अब म जितेर गएपछि रतुवाको पाता कसिदिन्छु भन्दै चुनावीसभामा भाषण गरेका थिए । जितेर गएका ओली आफ् नो निर्वाचन क्षेत्रको दक्षिणी क्षेत्र कहिले फर्किएनन् । अहिले पनि जनताले टिप्पणी गर्दै भन्ने गर्छन् । प्रधानमन्त्री ओलीले पाता कसिदिन्छु भनेको रतुवाले मानिसहरूको पो पाता कसिरहेको छ । मलाई त झन कुरूप नै बनाईराखेको छ ।

– तपाईलाई (पुललाई) अपांग कसरी बनायो ? हामीलाई त्यस्तो त लाग्दैन ?

रतुवा पुल – सरकारकै पहलमा पक्की पुल अर्थात मलाई त बनायो तर म (पुल) प्रयोग हुन सकेको छैन । बाँसको भाटे पुलबाट शुल्क तिरेर दैनिक सयौं मानिस आउजाउ गर्नुपर्छ जोखिमपुर्ण तरिकाले । यदि मलाई (पुल)लाई पुर्ण रूपम निर्माण गरिदिएको भए मानिसहरू म माथिबाट आउजाउ गर्थे । बाँसको पुलबाट जोखिम पुर्ण यात्रा गर्नु पर्दैन्थ्यो होला । ज्युधनको नोक्सानी हुदैन थे होला । बसगाडी कुद्थे होला । प्रदेशको राजधानीसंग दुरदराजका मानिसहरूको पहुच बढ्थ्यो होला । ग्रामीण क्षेत्रका मानिसहरूको आय आम्दानी बढ् थ्यो होला । तर यी कुनै कुरा भएको छैन । मानिसहरू केही गर्न सकेका छैनन् र केही बन्न सकेका छैनन् । केवल मेरै कारणले हो । त्यसैले म अपांग नभई के हो त ? भन्नूस तपाईं नै । मलाई सपांग बनाउन सरकारको अलिकति पनि ईच्छा शक्ति छैन । केबल मलाई बैशाखी दिएर सस्तो लोकप्रियता कमाईरहेका छन् । हरेक वर्ष चारो छरे जस्तो गरि सडक विभागबाट १०।१२ लाख छुट्टयाउछन् केवल कार्यकर्ता रिझाउन ।

–के लाग्छ तपाई (पुल) लाई सपांग बनाउछन् त सरकारले ?

रतुवा पुल – मलाई शुरूमा पुर्ण विश्वास थियो । दुईतिहाईको सरकार बनेको छ । पक्कै बनाउला भन्ने पूरा विश्वास थियो । अब त झिनो आश पनि छैन । मरिसकेको छ । सायद हुन सक्छ यस गौरीगंज क्षेत्रका मानिसहरूले प्रधानमन्त्री ओलीलाई उनलाई चाहे जति भोट नदिएर हुन सक्छ । त्यसैले होला मलाई यस्तै अपांग बनाएर राखे होला । भन्नूस म के गरू, तर एउटा उपाय हुन सक्छ । जनता त जाग्नु पर्‍यो । जनताले चाहयो भने बन्न सक्छु । जनताले दबाब दिन सक्नु पर्‍यो । दुबै पालिकाको जनताहरू डेलिगेशन जानुपर्‍यो । सिंहदरवार घेर्नु पर्‍यो । अनि तपाईं जस्तोहरूले कलम चलाउनु पर्‍यो तेज गतिका साथ । त्यति भयो भने मात्र सम्भव छ । नभए अरू कुनै उपाय छैन । नेताहरू त्यसका कार्यकर्ताहरूसंग त म वाक्क दिक्क भईसके । आश मरिसक्यो । मलाई कुरूप बनाई राख्ने भए यिनीहरू ।

१२ वर्ष मेरो उमेर पुगिसक्यो । अब केही गरू, केही सेवा गरू भन्ने मेरो पनि ईच्छा छ । अपांग समितिका मानिसहरू पनि चुपचाप बसेका छन् । केही बोलेका छैनन्, मानौ सरकारका मानिसहरू जस्तो । सरकारमा नेकपा पार्टीका मानिसहरू छन् । उनीहरू पनि तैँ चुप् मै चुप् छन् । मेरा पक्षमा बोल्ने लेख्ने कोही भएनन् । नेताहरूलाई पनि टाउको दुखिसको होला । मेरो अपांगता देखेर । जनताहरू पनि धेरै दुःख पाईसके ।

यो अपांगताको जिन्दगी पनि जिन्दगी हो र ? बेकार छ, बाच्नु पनि मन छैन अब । बरू यहि खोलाले बगाएर लादा हुन्थ्यो मलाई । बाच्नु भन्दा मर्नु बेस ।

–होईन तपाईलाई त सडक विभागले बेला बेलामा खर्च दिएकै छ ? पालिकाहरूले पनि गत वर्ष खर्च गरेकै हो नि ?

रतुवा पुल – हेर्नुस मलाई नगिज्याउनुहोस् । कमजोरलाई सबैले हेप्छन् । केन्द्र सरकारले हेपेकै छ । स्थानीयले गत वर्ष केही खर्च गर्‍यो । त्यतिले पुग्छ र भन्या । यो सब नाटक हो नाटक । कार्यकर्ता पाल्ने मेलो मात्र हो । सडक विभागको त कुरै नगरूम । कहिले भन्छ, मेरो लम्बाई सानो भयो रे । कहिले भन्छ , यतिले नै भईहाल्छ । पुलको पाया थप्ने कुरा गर्छ । नयाँ डिजाइन बनाउँछ । विभाग त पागल भईसकिया छ पागल । किन थप्नु पर्‍यो मलाई ? भएकोलाई बनाउ । सपांग बनाउ । खोलाको दुवै तर्फ ढुंगा र तार जालीले तटबन्ध गर बस पुग्छ मलाई । यो गर्नु त कता हो कता जिल्ला र केन्द्रबाट अनुगमन आउँछन् सरकारका मानिस र नेताहरू । टाढै बाट हेरेर भाग्छन् । किन आउथ्यो उनीहरू मेरो नजिक ? म त अपांग छु नि । खर्च गर्नु पर्छ । वजेट दिनु पर्छ । ठुलो धन राशि खर्च गर्नु पर्छ ।

(मानिसहरूसंग मात्र अन्तरवार्ता लिने गरेको प्रचलन रहेको छ । तर प्रस्तुत अन्तरवार्ता नीर्जिव वस्तु पुललाई प्रतिकात्मकरूपमा प्राणी वा व्यक्ति ठानेर व्यङ्ग्यात्मकरूपमा अन्तरवार्ता प्रस्तुत गरेका छन् गौरीगन्ज निवासी पत्रकार– आत्माराम राजवंशीले)

# प्रोस्टेट वढ्ने कारण र उपचार विधि



–डा.लेखनाथ नेउपाने

प्रोस्टेट के हो त भन्ने आम मानिसमा जिज्ञासा बढनु स्वभाविक हो। यो एउटा ग्रन्थी हो र यो पुरुषमामात्र हुन्छ। यो पिसाव थैली मुन्तिर थैलीबाट निस्कने मुत्रनली(युरेथ्रा)लाई घेरेर बसेको हुन्छ। जन्मेदेखि नै सानो आकारमा रहने यो ग्रन्थी उमेर सगै बढ्छ। वयस्क उमेरमा यसको तौल २० या २२ ग्रामसम्म पुग्छ। यो समान्य हो। यो ग्रन्थिले मुत्र प्रणालीलाई सहयोग गर्छ र सेक्स हर्मोनको पनि उत्पादन गर्छ। साथमा अण्डकोषबाट आउने विर्यलाई यसबाट निस्कने तरल पदार्थले सुरक्षित रुपमा सम्भोगको समयमा महिलाको योनीमार्ग हुदै पाठेघरसम्म लैजान सहयोग गर्छ। जब यसको आकारमा बृदि हुदै जान्छ र व्यात्तिलाई असहज हुनजान्छ, जस्तै पिसाव छिनछिनमा लग्ने, राती निक्कै पटक उठनु पर्ने, पिसाव फेर्न निक्कै समय लाग्ने, ननिथ्रिएको महशुस हुने, फेरीसकेपछि पनि पुनः जाउ जाउ लाग्ने, रोक्न मुस्किल हुने, कसैकसैलाई यौन चाहना हराउने, तलूलो पेट दुख्ने, भारी हुने या पिसाव पूर्ण रुपमा रोकिने जस्ता लक्षणले सताउन थाल्छ। यस्ता लक्षण देखिएमा उपचारको आवश्यकता हुन्छ।

**विशेष गरेर रातको समयमा बढी पिसाव लाग्ने, चाडो चाडो पिसाव फेर्न उठनु पर्ने, पिसाव खुलेर नहुने, निक्कै बेरसम्म आइरहने, धारो सानो आउने, थोपा थोपा आउने, कन्नुपर्ने र तल्लो पेट दुख्ने, भारी महशुस हुने कहिलेकाही ठाउँमा पुग्न नभ्याईने, पिसाव गर्दा पोल्ने, रगत देखापर्ने जस्ता समस्या पुरुषहरुमा देखापर्छन। यही र यस्तै खाले समस्याहरुलाई प्रोस्टेटको समस्या भनिन्छ।**

चालिस वर्ष नाघीसकेका पुरुषहरुमा देखा पर्ने एउटा गम्भिर समस्या हो प्रोस्टेट। प्रोस्टेट ग्रन्थी पुरुषमामात्र रहने हुदा प्रोस्टेटलाई पुरुष ग्रन्थी पनि भनिन्छ। धेरैजसो पचाँसदेखि सत्तरी वर्ष बीचका पुरुष यो र यस्तै खाले लक्षणहरु लिएर क्लिनिक धाउनेको सख्या दिन प्रतिदिन वढदै गएको देखिन्छ। यता अप्रेशन गराउनेको संख्या पनि बढदो छ। यसकासाथै यौन दुर्वलता पनि यही उमेरमा धेरै देखिने हुनाले हर्मोनको कमीका कारण चाडोचाडो ग्रन्थि वढ्ने गर्छ। उमेरले डाडा काटे पनि मन बुढो नहुने हुदाँ हरेक खाले चाहना मानिसमा रहिरहन्छ। राती आन्नदले निदाउने कुरालाई प्रोस्टेटले रोक्न सक्छ। छिनछिनमा पिसाव गर्न उठिरहनु पर्ने वाँध्यताले अरु समस्या जन्मिन सक्छ।




बिना अप्रेशन प्रोस्टेट पीडितलाई राहत दिन सकिन्छ औषधीको माध्यमबाट पनि। होमियोप्याथिक, आर्युर्वेदिक तथा योग चिकित्साबाट हजारौं प्रोस्टेट रोगीहरुले राहत पाएका छन्। नियमित व्ययाम खानपिनमा सरलता अर्थात सहजै पच्नसक्ने शाकाहरी भोजन एउटा सहज माध्यम हो। मासहारीले पनि पोलेको, धेरै मसला भएको र पटक पटक पकाएको मासु नखाने। दैनिक फलफुलको मात्रा थोरै भए पनि सेवन गर्ने। एउटा अध्ययन अनुसार हाम्रो शरीरलाई आवश्यक पर्ने

**बाँकी पृष्ठ ६ मा**

## भद्रपुर नगरपालिकाको कार्यालय

### चौथो पटक प्रकाशित मिति : २०७७।०९।१६

### आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दि दरभाउपत्र आह्वानको सूचना

यस नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०७७।०७८ को माघ १ गतेदेखि २०७८ असार मसान्तसम्मको लागि र विज्ञापन कर वर्ष ३ (तीन) का लागि देहायका ठेक्क बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले प्रथम पटक प्रकाशित मिति २०७७।०३।१२ गतेको सूचनाको शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय र मिति भित्र गोप्य शिलबन्दी दरभाउपत्र (टेण्डर) दाखिला गर्न सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीका लागि कार्यालयको सूचना पाटीमा हेर्न हुन वा कार्यालयमा सम्पर्क राख्नु होला।

तपशिल

| ठे.नं. | विवरण | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. (मूल्य अभिवृद्धि कर बाहेक) | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय | दरभाउपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | चौपाया (पशु) हाट बजार सेवा शुल्क | आ.व. २०७७।०७८ को २०७७ माघ १ गतेदेखि २०७८ असार मसान्त सम्मको लागि | १०,९२,०४७।- | १,०००।- | ७ औं दिन सम्म २०७७।०९।२२ गते कार्यालय समयसम्म | ८ औं दिन २०७७।०९।२३ गते १:०० बजेसम्म | ८ औं दिन २०७७।०९।२३ गते २:०० बजेपछि |
| २ | दैनिक अस्थायी हाट बजार सेवा शुल्क | आ.व. २०७७।०७८ को २०७७ माघ १ गतेदेखि २०७८ असार मसान्त सम्मको लागि | ५,५७,२५०।- | ३००।- | | | |
| ३ | जलकर | आ.व. २०७७।०७८ को २०७७ माघ १ गतेदेखि २०७८ असार मसान्त सम्मको लागि | ११,७५६।२५ | ३००।- | | | |
| ४ | भद्रपुर ५ स्थित बसपार्कको पार्किङ्ग शुल्क | आ.व. २०७७।०७८ को २०७७ माघ १ गतेदेखि २०७८ असार मसान्त सम्मको लागि | १,३६,८७५।- | ३००।- | | | |
| ५ | विज्ञापन कर | आ.व. २०७७।०७८ को २०७९।८० सम्म ३ (तीन) वर्षको लागि | ३,३७,६३६।- | ३००।- | | | |

– प्रमुख प्रशासकीय अधिकृत





गौरादह नगरपालिकाको कार्यालय
गौरादह, झापा




कमल गाउँपालिकाको कार्यालय
क्लाम्पाबजार, झापा




हल्दिबारी गाउँपालिकाको कार्यालय
हल्दिबारी, झापा




कचनकवल गाउँपालिकाको कार्यालय
बनियानी, झापा

# कांग्रेस चुनावमाहोस् वा बिरोधमा एक्लै हिड्छ : देउवा



काठमाडौं । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले, बिरोध प्रदर्शन एवम् निर्वाचनमा कांग्रेस एक्लै हिड्ने बताएका छन् । नेपाली कांग्रेस भक्तपुर क्षेत्र नम्बर २ ले आयोजना गरेको विरोधसभालाई सम्बोधन गर्दै सभापति देउवाले यस्तो बताएका हुन् ।

'नेपाली कांग्रेस कसैसँग मिलेर निर्वाचनमा जाँदैनौं मिलेर गएको फल पाइसक्यौँ एक्लै जान्छौँ,' उनले भने, 'एक्लै जाँदा हाम्रो शक्तिको आँकलन हुन्छ । जनतालाई आफ्नो धारणा राख्न सजिलो हुन्छ । हाम्रो पार्टीले ओलीको अप्रजातान्त्रिक कदम हो भनेर घोषणा गरिसकेको छ । अलोकतन्त्रको निर्णयको खिलाप एक्लै प्रदर्शन गर्ने निर्णय गरेका छौं।'

देउवाले संसद् विघटनको विषयमा अदालतको फैसला कुरिरहेको पनि बताए । कांग्रेस अदालतलाई थर्काउने, धम्क्याउने पार्टी नभएको भन्दै देउवाले अदालतको फैसला स्वीकार गर्ने पनि बताए । 'कांग्रेस अदालतको निर्णय मान्ने पार्टी हो । सधैं सम्मान गरेको छ । अदालतले जुनै पनि किसिमको फैसला सुनाए पनि थर्काउने धम्क्याउने काम गर्दैनौं । बानी पनि छैन, चलन पनि छैन । अदालतलाई स्वविवेकीय अधिकार छ,' उनले भने, 'अदालतको अधिकारको निर्णय त्यसलाई हामी स्वीकार गर्नेछौं । अन्तिम ठाउँ न्यायालय हो । हाम्रो पक्षमा होस् विपक्षमा होस् मान्न तयार छौं ।' उनले अदालतमा विचाराधीन मुद्दामा कांग्रेस नबोल्ने पनि बताए ।

## प्रतिनिधिसभा विघटनका विरुद्ध

# नेपाली कांग्रेस झापाका पाँच वटै निर्वाचन क्षेत्रमा विरोध प्रदर्शन

– सन्दर्भ समाचारदाता

भद्रपुर । प्रतिनिधिसभा विघटनका विरुद्ध नेपाली कांग्रेसले झापाका पाँच वटै निर्वाचन क्षेत्रमा सोमबार विरोध प्रदर्शन तथा विरोधसभा सम्पन्न गरेको छ । विरोध प्रदर्शन तथा विरोध सभाका अधिकांश बक्ताहरुले नेपालको राजनीतिक इतिहासमा २०१७ साल पुस १ र २०७७ साल पुस ५ गतेलाई 'कालो दिन' को संज्ञा दिएका छन् ।

यसैक्रममा निर्वाचन क्षेत्र पाँच दमकमा आयोजित बिरोध सभामा बोल्दै नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री डाक्टर मिनेन्द्र रिजालले प्रधानमन्त्री केपी शर्मा ओलीमा सत्तालिप्साका कारण देशमा संकट उत्पन्न भएको आरोप लगाएका छन् । ओली एक्लो व्यक्तिका कारण देशमा सम्बैधानिक संकट उत्पन्न भएको जिकीर गर्दै उनले वर्तमान संविधानलाई सत्ता र शक्तिका आडमा आक्रमण गर्ने कार्य कांग्रेस लगायत लोकतन्त्रवादी शक्तिहरुलाई मान्य हुनै नसक्ने वताए । अब संसद पुनर्स्थापना नगरिए संविधानको हत्या भएको ठहर हुने भन्दै सम्मानित सवीच्च अदालतले पनि त्यो अवस्था आउन



नदिनेमा आफूहरु विश्वस्त रहेको नेता रिजालको निष्कर्ष थियो ।

यसैगरी झापा क्षेत्र नं-१ को धुलाबारीमा आयोजित विरोध सभालाई प्रमुख वक्ताको रुपमा सम्बोधन गर्दै नेपाली कांग्रेस केन्द्रीय सदस्य सरिता प्रसाईंले वर्तमान सरकार भ्रष्टाचारका काण्डैकाण्डमा फसेको आरोप लगाउँदै असंवैधानिक काम गरेर जनमतको घोर अपमान गरेको आरोप लगाइन् ।

झापा क्षेत्र नं-२ को विरोधसभालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले नेकपा भित्रको आन्तरिक विवाद व्यवस्थापन गर्न नसक्दा प्रधानमन्त्री केपी शर्मा ओलीले देश, जनता र लोकतान्त्रिक पद्धतिमाथि नै प्रहार गरेको बताउँदै उक्त असंवैधानिक कदम अस्वीकार्य रहेको बताए ।

झापा क्षेत्र नं-३ कचनकबलको बनियानीमा सम्पन्न विरोध सभामा केन्द्रीय सदस्य भारतेन्दुकुमार मल्लिक र महासमिति सदस्य लगायतले बोलेका थिए ।

यता झापा दुधे बजारमा ४ नं क्षेत्रस्तरीय सम्पन्न विरोध सभामा कांग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकी प्रमुख अतिथि तथा प्रमुख वक्ता रहेको कार्यक्रम क्षेत्रीय सभापति जयनारायण शाहको सभापतित्वमा सम्पन्न भएको थियो ।

# ओलीको कदम नयाँ तानाशाहको उदय



– उद्धव थापा

प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुस ५ गते संसद विगठन गरेको घटना अहिले सर्वत्र चर्चाको विषय बनेको छ। प्रधानमन्त्रीले संसद विघटनले मुलुकमा नयाँ राजनीतिक सरगर्मी बढेको छ । प्रधानमन्त्रीले चालेको कदमपछि कांग्रेसले थालेको सडक संघर्ष र पुस १३ गते झापामा हुने विरोध प्रदर्शनका सम्बन्धित रहेर नेपाली कांग्रेस झापाका सभापति उद्धव थापासंग गरिएको कुराकानीको सारसंक्षेप ।-

प्रधानमन्त्रीले मुलुकलाई संवैधानिक संकटमा जबरजस्त धकेलेको घटनालाई कसरी हेर्नुभएको छ ?

-अहिले विश्वभरको नजर नेपालतर्फ तानिएको छ । संविधानको धज्जी उडाउँदै त्यहाँ भएको व्यवस्था मिचेर प्रतिनिधिसभा विघटन प्रधानमन्त्रीले गर्नुभएको छ, यो असंवैधानिक र अलोकतान्त्रिक छ । यसको विरुद्धमा अहिले सडकमा कांग्रेस ओर्लिएको छ । प्रधानमन्त्री केपी ओलीले जुन कदम चाल्नु भएको छ, यसले संविधानको धज्जी उडाएको छ, ध्वस्त बनाएको छ । निर्वाचनका नाममा निर्वाचन अधिनायकवाद स्थापना गर्ने जुन सोच, उद्देश्य र लक्ष्य राखेर प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्नुभएको छ, त्यसको नेपाली कांग्रेसले सशक्त रुपबाट प्रतिकार गर्छ । त्यही अनुसार आन्दोलनका कार्यक्रम तय भइसकेको छ । भोली देशभरबाट यो असंवैधानिक कामको विरोध हुँदैछ ।

संसद विघटन निकासको कुनै विकल्प हो ?

- होइन, यो मात्र विकल्प नै थिएन । उहाँको पार्टीले उहाँलाई सहयोग नगरेको हो भने सहयोग खोज्ने बाटो खुल्ला थियो । आधारहरु थुप्रै थिए संसदभित्र । त्यो ओलीले बिर्सिनुभो । अस्थिर सरकार हुँदा नेपालको विकास र प्रगतिमा सधैं अवरोध भयो भनेर जनताले चाहेजस्तो सरकारका लागि मत दिएका हुन् । त्यो ओलीले बिर्सिभो । जनमतको बर्खिलाप गरियो । संविधानले स्पष्ट व्यवस्था गरेको छ । निर्वाचित प्रधानमन्त्रीलाई अविश्वासको प्रस्ताव ल्याउन नपाइने । जति नै गल्ती गरेपनि, जति नै कमजोरी गरेपनि त्यो व्यवस्था संविधानमै छ । तर, त्यसलाई बिर्सेर ओलीले बेइमानी गर्नुभो । संसद विघटन बाहेकको विकल्प खोज्नै चाहनु भएन । आफू नेतृत्वको सरकार राम्ररी चलाउन नसकेर मुलुकलाई अस्थिरतातर्फ धकेल्ने जुन काम भयो त्यो संविधानको मर्म र भावना विपरितको काम हो । संविधानमा संसद विघटनको प्रावधान नै छैन । संविधानलाई लत्याएर उहाँले अगाडि बढ्न खोज्नु भयो, त्यो गम्भीर गल्ती हो ।

प्रधानमन्त्रीले व्यवस्था नै 'कू' गर्न लागेका हुन् ?

- केपी ओलीले जुन प्रकारले संसद विघटन गर्नुभएको छ, यो कोही कसैलाई चित्त बुझ्ने विषय नै होइन र कसैलाई पनि चित्त बुझेको छैन । उहाँ निकटका बाहेक देशभरका आम नागरिक यसलाई गलत काम भनिरहेका छन् -र सत्य पनि त्यही हो । अहिले सबैको विश्वास सवीच्च अदालतमाथि छ । सवीच्चको आदेश पर्खिनुबाहेक हामीसंग अर्को विकल्प छैन । केपी ओलीले चालेको कदम गलत छ । हामीलाई विश्वास छ, सवीच्च अदालतले यसमा उचित न्याय दिन्छ । मुलुकको अहिलेको संकट टार्ने एकमात्र आशाको केन्द्र सवीच्च अदालत बनेको छ । मुलुकलाई सहज ढंगबाट अगाडि बढाउने दिशामा सवीच्च अदालतले फैसला गर्छ त्यो आम नागरिकको अपेक्षा हो ।

संसद विघटन प्रधानमन्त्रीले गरेको अराजक कार्य हो कि होइन ?

-यो अराजक मात्र होइन, विधि, प्रक्रिया, विधान र संविधान विपरितको काम हो । कानूनी राज्यको मूल्य-मान्यता विपरितको काम प्रधानमन्त्रीले गर्नुभएको छ । जो काम विश्वका तानाशाहहरुले विभिन्न कालखण्डमा गरेको इतिहास छ । केपी ओली अराजक ढंगबाट नयाँ तानाशाहका रुपमा उदाउन खोजेको आशंका उब्जिएको छ । संविधानले ग्यारेन्टी गरेका सबै हक र अधिकार कुल्चेर केपी ओलीले अगाडि बढ्ने जुन धृष्टता गर्नुभएको छ, त्यो नयाँ तानाशाह उदयको प्रारुप हो । तर, यो उहाँको सपना हो, कदापी पूरा हुँदैन । देशमा तानाशाह र अधिनायकवाद लाद्न खोज्नेहरु परास्त भएको इतिहास छ । यस पटक पनि त्यो हुन्छ । नेपाली जनताले गर्ने सडक आन्दोलनले परिवर्तन संभव भएको छ । प्रधानमन्त्रीले गरेको गल्तीको नागरिकलाई सुसुचित गराउन कांग्रेसले थालेको छ । त्यही भएर सडक संघर्ष शुरु गरिएको हो । कांग्रेस चुप लागेर बस्दैन । जनताका माझ कांग्रेस जान्छ र विषम परिस्थितिको अन्त्य गर्छ ।

कांग्रेसको स्पष्ट धारणा नै देखिएन नि ?

- नेतृत्वले स्पष्ट धारणा बनाउन सकेन भन्ने कुरा बाहिर आएको छ, यो आंशिक सत्य हो । तर, कांग्रेस विधि, प्रक्रिया र पद्धतिमा चल्ने पार्टी भएकाले आन्दोलन केही कमजोर जस्तो देखिएको हो । तर, कांग्रेसमा प्रधानमन्त्रीले गरेको असंवैधानिक कदमलाई लिएर कुनै अलमल छैन । हामीले अदालतको फैसला पर्खेर बसेका हौं । अदालतले गरेको निर्णय कांग्रेसले स्विकार्छ । निर्वाचनबाट कांग्रेस पछि हट्दैन । र संघर्षको मैदानमा ओर्लन कांग्रेस डराउँदैन पनि । अदालतको फैसला नआउञ्जेल कांग्रेस सडकमा बसेर गलत काम कारवाहीको खबरदारी गरिरहन्छ । प्रतिनिधिसभा विघटनमात्र होइन, ओली सरकारले गर्दै आएका सबैखाले गतिविधिको शुक्ष्म निरीक्षण कांग्रेसले गरिरहेको छ । कांग्रेसले भोली देशैभर गर्ने प्रदर्शन पनि त्यही शिलशिलाको पहिलो चरण हो । मुलुकमा परेको संकटको निकास दिन काम कांग्रेसले सडकबाट गर्छ । सवीच्च अदालतको फैसलापछि कांग्रेसले आफ्नो स्पष्ट धारणा बनाएर अघि बढ्छ ।

कांग्रेस सभापति शेरबहादुर देउवाले कार्यकर्तालाई आक्रमक नहुनु भन्नुको रहस्य चाहिं के हो ?

-पार्टी सभापतिले भन्ने कुरा त्यही हो, किनकि कांग्रेस संविधानको गलत प्रयोग नहोस् भन्ने चाहन्छ । हामीलाई सवीच्च अदालतप्रति विश्वास छ । त्यही भएर पार्टी सभापतिले संयमित हुन भन्नु भएको हो । पार्टी सभापति देउवाले केपी ओलीको कदमलाई समर्थन गरेको भन्ने कुरा होइन, हुनै सक्दैन । सवीच्चको फैसला नआउञ्जेल पर्ख र हेरको अवस्थामा पार्टी रहेको छ। निर्वाचन वा आन्दोलन के मा जानुपर्ने हो त्यो सवीच्चको फैसलापछि निर्क्यौल हुन्छ । बरिष्ठ नेता रामचन्द्र पौडेलले चाहिं पर्खेर हेरौं भन्दा पनि सडक अरुले कब्जा गर्छन् भनेर आन्दोलनको कुरा गर्नुभएको हो । अरुको हातमा सडक जान्छ भनेर बरिष्ठ नेता पौडेलले त्यस्तो कुरा गर्नु भएको हो । अलमल र दुविधा छैन । उहाँको कुरा सडक पनि छोड्नु भएन भन्ने हो, सवीच्चको फैसला पनि पर्खनु पर्छ भन्ने कुरा हो ।

भोलीको प्रदर्शनमा झापामा कति मान्छे सडकमा आउँछन् ?

-यो देशव्यापी कार्यक्रम हो । झापाका पाँच क्षेत्रमा कार्यक्रम हुन्छ । ती सबै कार्यक्रम क्षेत्रीय समितिको अगुवाईमा हुने हो । धुलावारी, शनिश्चरे, बनियानी, दुधे र दमकमा कार्यक्रम हुन्छ । त्यहाँ जिल्लामा र हनु भएका पाँचजना केन्द्रीय सदस्यले सम्बोधन गर्नुहुन्छ । दमकको कार्यक्रम प्रधानमन्त्रीको गृहनगरमा हुने भएकाले त्यहाँ डा। मिनेन्द्र रिजाल आउनु हुन्छ । सबै ठाउँमा गरेर २५ हजार बढी मानिस सडकमा आउने छन् । हरेक क्षेत्रमा ५/५ हजार मानिस सडकमा उतार्ने तयारी छ । दमकको कार्यक्रम अझै सशक्त र प्रभावकारी बनाउन पार्टी पंक्ति लागेको छ । झापाको कार्यक्रम लक्ष्य अनुरुपकै हुनेमा म विश्वस्त छु । जनता अहिले उकुस-मुकुस भएका छन् । सडकमा उत्रेर प्रधानमन्त्री ओलीको कदमको प्रतिकार गर्नेमा कुनै शंका छैन । कांग्रेस त्यसमा विश्वस्त छ ।

तपाई त संवैधानिक 'कू' गर्न उद्दत रहेका प्रधानमन्त्री ओलीको गृह जिल्लाको नेपाली कांग्रेसको सभापति हो, तपाईले चाहिं ओलीको कदमलाई कसरी लिनु भएको छ ?

- ओली र हामो पार्टी अलग भएपनि जिल्लाको व्यक्ति प्रधानमन्त्री हुँदा गौरव लागेको थियो । उहाँ दोस्रो पटक प्रधानमन्त्री हुँदै गर्दा झापाबासी सबैलाई गर्व महसुस भएको थियो । उहाँ धेरै संघर्ष गरेको र लामो समय जेल बसेको व्यक्ति पनि हो । त्यस्तो व्यक्ति प्रधानमन्त्री बन्दा बेखुशी हुनुपर्ने कुनै कारण थिएन । तर, आज उहाँले जुन कदम चाल्नु त्यसबाट उहाँ नेपालको कलंकित प्रधानमन्त्री सावित हुनुभएको छ । र शायदै अरु व्यक्ति यस्तो कलंकित पनि हुँदैनन् । जुन परिवर्तन र व्यवस्थाका लागि उहाँले रगत पसिना बगाउनु भयो । अहिले त्यही व्यवस्था खत्तम पार्न उहाँ लागि गर्नुभएको छ । उहाँले इतिहास नै गलत बनाउनु भयो । आफूले जुन बाटो बनायो, त्यही बाटोमा फोहोर गर्ने प्रधानमन्त्रीका रुपमा उहाँ चित्रित हुनु भएको छ । नेपालको राजनैतिक इतिहासमा नै उहाँ कलंक लागेको एउटा प्रधानमन्त्री बनिसक्नु भएको छ। अझै समय छ उहाँले चालेको कदम सुधारेर इतिहासमै कलंकित नहुनुस् भन्ने मेरो सुभेक्षा हो ।

उसोभए प्रधानमन्त्री बेइमान मान्छे हुन् ?

- २०६२र०६३ को जनआन्दोलनको बेला उहाँले सडकमा निस्केको नागरिक आन्दोलनलाई बयलगाडा चढेर अमेरिका पुगिन्छ ? भनेर कटाक्ष गरेकै हो । उहाँले नेपालमा गणतन्त्र आउँछ भनेर विश्वास गर्नुनै भएको थिएन । अहिले

बाँकी पृष्ठ ४ मा

# मुख्यमन्त्री शेरधन राईलको जवाफी कदम



– सन्दर्भ समाचारदाता

बिराटनगर । प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले आफुविरुद्ध अविश्वासको प्रस्ताव ल्याउने भीम आचार्यसहित १५ सांसद्लाई निलम्बन गरेका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा आएको फुटसँगै प्रदेश १ मा दुई समूहले एकअर्कालाई कारबाही गर्ने क्रम जारी छ । मुख्यमन्त्री राईले आचार्यसहित १५ प्रदेशसभा सदस्यलाई तीन महिनाका लागि निलम्बन गरेको घोषणा गरेका छन् ।

प्रचण्ड-माधव समूहले मुख्यमन्त्री शेरधन राईलाई संसदीय दलको नेताबाट हटाउने निर्णय गरे लगत्तै काउन्टरमा राईको यो निर्णय आएको हो । नेपाल समूहबाट भीम आचार्यलाई दलको नेता चयन गरिएको थियो । यसअघि शनिबार मुख्यमन्त्री शेरधन राईले इन्द्र आङ्बोलाई मन्त्रीबाट हटाएका थिए भने आइतबार राईविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको थियो ।

मुख्यमन्त्री शेरधन राईले निलम्बन गरेका प्रदेश नं. १ का १५ जना सांसदको नाममा, पहिलो नम्बरमा भीमप्रसाद आचार्यको नाम छ भने दोस्रो नम्बरमा निवर्तमान सामाजिक विकास मन्त्री जीवन घिमिरेको नाम छ । त्यसपछि निवर्तमान आर्थिक मामिला मन्त्री इन्द्रबहादुर आङ्बो, बिजयकुमार विश्वास, सावित्राकुमारी रेग्मी, उपेन्द्र घिमिरे, लिलाबल्लभ अधिकारी, राजेन्द्रकुमार राई, यशोदा अधिकारी, लक्ष्मण तिवारी, मोहनकुमार खड्का, कुलप्रसाद साम्बा, धिरेन्द्र शर्मा, टंक आङ्बोहाङ र कुसुमकुमारी श्रेष्ठ रहेका छन् ।

अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका तुलसीप्रसाद न्यौपाने, उषाकला राई, झलकबहादुर मगर र राजकुमार राईले जवाफ दिएको कारण निलम्बन नगरिएको प्रमुखसचेतक बुद्धिबहादुर राजभण्डारीले बताएका छन् ।

# पार्कको निर्माण प्रकृयाप्रति लिम्वुवानको आपत्ति




–सन्दर्भ समाचारदाता

दमक । संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध संघीय लिम्बुवान मञ्च नेपालले दमकमा वन्न लागेको औद्योगिक पार्क एकपक्षीय रुपमा अघि बढाए अवरोध गर्ने चेतावनी दिएका छन् । मञ्चका संघीय अध्यक्ष कुमार लिङ्देनले लिम्बुवान विकास विरोधी नभएको बताउदै विकासको नाममा जनता उठिबाँस गरिए हाम्रो पार्टीलाई त्यो कदापि स्वीकार्य नहुने स्पष्ट पारे ।

दमकमा आयोजना गरिएको विरोध सभामा बोल्दै उनले पार्क क्षेत्रमा पर्ने जग्गा गरिब दुःखीबाट थाहै नदिई सस्तोमा नेकपाका नेताहरुले विघौं किनेर महंगो मूल्यमा सरकारलाई बेच्ने षडयन्त्रको भण्डाफोर गर्ने चेतावनी दिए । उनले भने- '४०औं विघा जग्गा संस्तो मूल्यमा किनेर जनतालाई भूमीहिन र सुकुम्बासी बनाउने कदमको लिम्बुवानले विरोध गर्नेछ ।'

त्यहाँका जग्गाधनीलाई उचित मुअब्जा विना एकपक्षीय रुपमा अघि नबढाउन सरकारलाई आग्रह गर्दै लिङ्देनले यदि त्यसो नगरिए ढुंगाले हान्ने चेतावनी दिए । पार्क बन्नुपर्छ तर सो पार्क निर्माणमा सबै दललाई समेटेर सर्वदलिय समिति बनाउनु पर्ने उनले प्रष्टयाए । सबै राजनीतिक दललाई समेटेर अघि बढे मात्र औद्योगिक पार्क बन्न सक्ने भन्दै त्यसो नगरि सत्ता र शक्तिको भरमा अघि बढे दुर्घटना निम्तिने उनले चेतावनी दिए । उनले भने,-'यदि हाम्रो माग सम्बोधन नभए त्यहाँ चीनको लगानी खेर जाने छ ।' अध्यक्ष लिङ्देनले कांग्रेस र नेकपा भनेको हावाले भरेको बेलुन भएको र त्यो कतिबेला फ्यास्स फुट्न सक्ने भन्दै तर यस मञ्च भनेको असली जनताको भएको उनले टिप्पणी गरे । कांग्रेस ,नेकपाले देश खोक्रो बनाई सकेको हुँदा युरोपियन युनियन, अमेरिका, चीन, भारत लगायतबाट आइरहेको लगानी खरानी भईरहेको उनको आरोप थियो ।

एक प्रसंगमा अध्यक्ष लिङ्देनले यतिवेला एकात्मकवादीहरु दिउँसो दिउँसो कम्यूनिष्ट र कांग्रेस हुने रातारात राजावादी हुने द्वैध चरित्र भएको मान्छेसँग होशियार रहन आग्रह गरे । अध्यक्ष लिङ्देनले थप जोड्दै -दलितहरु माथि अन्याय ,अत्याचार भईरहेको छ मञ्चले सम्पूर्ण दलितहरुको मुक्तिको लागि वलिदानी दिन पछि नपर्ने उल्लेख गरे ।

## समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तगत

# सन्थाल समुदायलाई न्यायो सिरक



– सन्दर्भ समाचारदाता

भद्रपुर । झापा गाउँपालिका-१ मिलनवस्तीका ८२ घर परिवार सन्थाल समुदायले जाडोका लागि न्यायो सिरक पाएका छन् । लान्यस क्वल अफ सुरुङ्गाले सहारा नेपालको सहयोगमा ल्याइएको सिरक समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयको सहकार्यमा शुक्रवार उनीहरुलाई वितरण गरिएको हो ।

कनकाई नदीको किनारमा बर्षौदेखि बसोवास गर्दै आएका उनीहरु जाडो भर मुढा र पराल बालेर रात विताउने गर्दछन् । जाडाको मौसममा सन्थाल परिवार न्यायो फाइबरको सिरक पाएपछि खुशी देखिएका थिए ।

जिल्लाकै विकट स्थानमध्ये यो वस्ती रहेको गाउँपालिकाका अध्यक्ष जयनारायण साहले बताए । उनका अनुसार बर्षामा कनकाइ नदीको बाढी र हिउँदमा जाडोका कारण यी समुदायको जीवन कष्टकर हुने गरेको छ । यो वस्तीमा अति गरीब र विपन्न सन्थाल समुदायका ८२ घर परिवारको मात्र बसोवास रहेको छ ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिना र प्रहरी उपरीक्षक कृष्ण कोइरालाले प्रहरीले समाजमा विकृति विसंगति रोक्न, शान्ति र अमनचयन कायम राख्दै विपदमा परेकाहरुलाई समुदायसँग मिलेर सहयोग पनि गर्दै आइरहेको बताए । समुदाय प्रहरी साझेदारी अन्तरगत समाजमा जनचेतनामूलक कार्यक्रमसँगै आपत र विपदमा परेकालाई समुदायसँगै मिलेर विगतदेखि यसरी सहयोग गर्दै आएको उनीहरुले कार्यक्रम जानकारी दिएका थिए ।

क्लवका अध्यक्ष मनोज बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लायन्स क्वलका डिस्ट्रिक मेजेनर लीला चिमरियाले, यस बर्ष ४०० बढी परिवारलाई सहयोग गर्ने लक्ष्य रहेको बताए । उनले सहारा नेपाल र संस्थाकै सहयोगमा कनकाई नगरपालिकास्थित कोटीहोमको वृद्धाश्रामका १७ जनालाई र २१ जना बटुकलाई समेत न्यायो कपडा वितरण गरिने उनले जानकारी दिए ।

## सिलगुढी–झापा

# पेट्रोलियम पाइपलाइन सर्वेक्षण सम्पन्न

भद्रपुर । सिलगुढी–झापा पेट्रोलियम पाइपलाइन परियोजनाको विस्तृत इन्जिनियरिङ सर्वेक्षण सम्पन्न भएको छ । नेपाल आयल निगम र भारतीय आयल कपीरेसनको संयुक्त प्राविधिक अध्ययन समूहले सर्वेक्षण सम्पन्न गरेको हो । यो कदमपछि परियोजनाको प्रारम्भिक चरण सम्पन्न भएको नेपाल आयल निगमले जनाएको छ। सर्वेक्षणले झापाको चारआलीदेखि मेची भन्सार हुँदै भारतीय सीमा सम्मको नेपाल तर्फको १५ किलोमिटर पाइपलाइनको 'रुट' पहिचान गरेको



हो । पूर्वपश्चिम राजमार्ग र मेची राजमार्ग हुँदै पाइपलाइन बिछ्याइने निगमका निर्देशक तथा नेपालतर्फको संयुक्त अध्ययन समूहका संयोजक वीरेन्द्र गोइतले जानकारी दिए ।

संयुक्त अध्ययन समूहले पेट्रोलियम पदार्थ भण्डारण स्थलको पनि लेआउट तयार गरेको छ । उनले भने, "चारआलीमा निर्माण हुने पेट्रोलियम पदार्थको भण्डारको संरचना पनि तयारीको अन्तिम

बाँकी पृष्ठ ४ मा

### नेपाल जेसिजको बागडोर खनाललाई

# बर्ष २०२१ लाई उत्कृष्ट बर्ष बनाउने उद्घोष



तस्वीर : विगम श्रेष्ठ

– **सन्दर्भ समाचारदाता**

काठमाडौँ । नेपाल जेसिज बर्ष २०२१ का लागि नव निर्वाचित अध्यक्ष जेसी अरुणेश्वर खनालले पदभार ग्रहण गरेका छन् । अध्यक्ष निर्वाचित भएपछि खनालले पदभार संगै नेपाल जेसिजको बागडोर सम्हालेका छन् ।

भलवारी जेसिजको आथित्यता तथा नेपाल जेसिजको आयोजनामा भैरहवामा सम्पन्न ४७ औँ राष्ट्रिय महाधिबेशनबाट अध्यक्ष निर्वाचित भएसंगै जेसी खनालले पदभार ग्रहण गरेका हुन् । नेपाल जेसिजको आयोजनामा जेसिजको सचिवालय काठमाण्डौँमा भएको पदभार ग्रहण तथा अध्यक्ष पदको कुर्सी हस्तान्त्रण समारोहमा अध्यक्ष संगै २०२१ को बोर्डले पदभार ग्रहण गरेको हो ।

अध्यक्ष खनाललाई निर्वातमा अध्यक्ष जेसिआई सिनेटर जेसी अशोक शंकरले राष्टिय अध्यक्षले प्रयोग गर्ने कुर्सीमा बसालुदैं माला लगाई दिएका थिए । अध्यक्षको पद सम्हालेसंगै जेसी खनालले बर्ष २०२१ लाई नेपाल जेसिजमै उत्कृष्ट बर्ष बनाउने उद्घोष गरेका छन् ।

यस्तै खनाल संगै बर्ष २०२१ का लागि निर्वाचित कार्यकारिणी उपाध्यक्ष, महासचिव, कानुनी सल्लाहकार, कोषाध्यक्ष तथा उपाध्यक्षहरुले पनि पदभार ग्रहण गरेका छन् ।

### गोरखाबाट काठमाडौंसम्म

# नेपाली सेनाले एकीकरण पदयात्रा गर्ने

काठमाडौं । राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीका अवसरमा नेपाली सेनाले गोरखाबाट काठमाडौंसम्म एकीकरण पदयात्रा गर्ने भएको छ । नेपाल एकीकरणको उद्गमस्थल गोरखादेखि पृथ्वीनारायण शाहले गोरखा राज्य एकीकरण गर्दा प्रयोग गरेका मार्ग समेटेर पुस २१ गतेदेखि पदयात्रा गर्न लागेको नेपाली सेनाको रणसिंह दल गण गोरखाका गणपति प्रमुख सेनानी उज्ज्वल केसीले जानकारी दिए ।

"गोरखा नगरपालिकाको हनुमान चौताबाट तत्कालीन राजा पृथ्वीनारायण शाह जन्मनुभएको गोरखा दरबार हुँदै पदयात्रा शुरु हुन्छ, गोरखा दरबारबाट निस्किएर सेनाको टुकडी बोर्लाङघाटमा पुगेर धादिङस्थित सेनाको देवीदत्त गणलाई झण्डा र टर्च हस्तान्तरण गर्छौं ।" उनले भने ।

तत्कालीन राजा पृथ्वीनारायण शाहकालीन पोसाकमा सेनाको टोली पदयात्रामा निस्कने उनको भनाइ छ । नेपाल एकीकरण



तत्कालीन अभियानलाई दृष्टिगत गरी शुरु गर्न लागिएको पदयात्रा राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको दिन काठमाडौँ पुग्ने कार्यक्रम तय भएको गणपति केसीले जानकारी दिए । भीमसेन थापा गाउँपालिका-८ स्थित बोर्लाङघाटमा स्थानीयवासीले सेनाको स्वागतका लागि झाँकी कार्यक्रम गर्ने तयारी भइरहेको छ ।

पदयात्रामा तत्कालीन राजा पृथ्वीनारायण शाहका पालामा स्थापना भएका नेपाली सेनाको श्रीनाथ, कालीबक्स, पुरानो गोरख, बर्दवाणी र सबुज गणको झण्डा र टर्च लाइट लिएर हिँड्ने गणपति केसीले जानकारी दिए । गोरखाबाट पदयात्रामा निस्किएको टोलीले धादिङको सिमानासम्म पुगेपछि धादिङस्थित सेनाको गणलाई झण्डा र टर्च प्रदान गर्नेछ भने धादिङबाट नुवाकोटको सिमानासम्म धादिङस्थित सेनाको गणले झण्डा र टर्च पुर्‍याउनेछ ।

त्यस्तै, नुवाकोटमा रहेको सेनाको गणले झण्डा र टर्च काठमाडौंस्थित सेनालाई बुझाउनेछ । पदयात्रा २७ गते पृथ्वी जयन्तीका अवसरमा काठमाडौं पुग्ने उनले बताए । गोरखा दरबारबाट ४० जनाको टोलीले पदयात्रा गर्ने गणपति केसीले जानकारी दिए ।

यसअघि गएको वर्ष पनि नेपाली सेनाले राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको अवसर पारेर नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहले यात्रा गरेको पदमार्ग समेटेर पदयात्रा गरेको थियो ।

# झापामा ध्वाँसे चितुवा भेटियो

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । झापामा ध्वाँसे चितुवा भेटिएको छ । विश्वकै लोपोन्मुख प्रजातिमा पर्ने ध्वाँसे चितुवा झापा र इलामको चुरे क्षेत्रको जङ्गलमा भेटिएको डिभिजन वन कार्यालय झापाका सहायक वन अधिकृत देवेन्द्र उप्रेतीले जानकारी दिए ।

बुद्धशान्ति गाउँपालिका १ देउराली धेक्सेदेखि २५० मिटरमाथि जङ्गलमा उक्त चितुवा भेटिएको स्थानीय वीरेन्द्र चापागाईँले बताए । बिरालो जस्तो देखिने चितुवा केहीदिन देखि गाउँघर नजिकै जङ्गलमा देखिन थालेपछि स्थानीयले पासो थापेर समातेको र त्यसपछि वनका कर्मचारी जिम्मा लगाएको उनले बताए ।

स्थानीयले समात्न खोज्दा चितुवाको मुखमा चोट लागेको सहायक वन अधिकृत उप्रेतीको भनाई छ । नियन्त्रणमा लिएको चितुवालाई हाल कनकाई नगरपालिकास्थित जामुनबारी सामुदायिक वन उपभोक्ता समूहभित्र प्रदेश सरकारले बनाएको वन्यजन्तु संरक्षण तथा उद्धार केन्द्रमा राखिएको



छ । त्यहाँ घाइते चितुवाको उपचार समेत भइरहेको जनाइएको छ ।

'झापामा ध्वाँसे चितुवा पहिलो पटक भेटिएको हो,' सहायक वन अधिकृत उप्रेतीले भने, 'घना जङ्गल तथा चिसो मौसम बस्न रुचाउने ध्वाँसे चितुवा यसअघि जिल्लामा भेटिएको रेकर्ड छैन ।' यो चितुवा अन्य चितुवाको तुलनामा बढी आक्रामकसँगै माशंहारी र ढाड भएको प्रजातिमा पर्छ । ध्वाँसे चितुवा नेपालसहित बङ्गलादेश, भुटान, क्याम्बोडिया, चिन, भारत, मलेसिया, म्यानमार, थाइल्यान्ड, भियतनाम आदि मुलुकमा पाइन्छ ।

उनका अनुसार, नेपालमा यसको सङ्ख्या ३ सयदेखि ५ सय सम्म रहेको छ, भने विश्वमा यसको सङ्ख्या ३२ सयको हाराहारीमा रहेको छ । यस्ता प्रकारका चितुवा इलाम, कास्की र कैलालीमा भेटिने गरेको छ । समुन्द्र सतहभन्दा ३ हजारदेखि साढे पाँच हजार माथिसम्म ध्वाँसे चितुवा पाइन्छ । सन् १९०० मा पहिलो पटक ध्वाँसे चितुवा चीनमा भेटिएको थियो । चीनमा भेटिएको चितुवालाई त्यसपछि लन्डन लगिएको थियो ।

# गौरादहमा स्वास्थ्य चौकी भवनको शिलान्यास

– **सन्दर्भ समाचारदाता**

गौरादह । गौरादह नगरपालिका वार्ड नं. ४ मझुवामा आधारभुत स्वास्थ्य चौकी भवनको शिलान्यास भएको छ । गौरादह नगरपालिकाका नगर प्रमुख रोहित कुमार साहले उत्त आधारभुत स्वास्थ्य चौकी भवनको शिलान्यास गरेका हुन् । संघिय सरकारको ४४ लाख ४८ हजार रूपैयाँको लागतमा निर्माण हुने उत्त भवन निर्माणका



लागि स्थानिय समाजसेवी धन बहादुर प्रसाईले ३ कठ्ठा जग्गा निशुल्कमा दान दिएका छन् ।

ग्रामीण भेगका मानिसहरूमा स्वास्थ सेवा पहुँच होस भन्ने उदेश्यले स्थापना गरिएको स्वास्थ चौकीले समृद्ध नगर निर्माणमा सहयोग पुर्‍याउने नगर प्रमुख साहले बताए । स्वास्थ चौकीले वार्डवासीलाई मात्रै नभई त्यसका छेउछाउका वार्डमा बसोवास गर्नु हुने सम्पूर्ण नगरवासीहरूले स्वास्थ्य लाभ लिन सक्ने उनले बताए ।

शिलान्यास कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत राजेन्द्र भट्टराई, वार्ड नं. ४ का वडा अध्यक्ष मणिन्द्र कार्कि, नगरपालिकाका ईन्जिनियर गोपाल भण्डारीलगायत वार्ड कार्यालयका जनप्रतिनिधि तथा स्थानीयहरूको उपस्थिति थियो ।



# मो. आसामुदिन पुनः आफ्नै घरमा

– **सन्दर्भ समाचारदाता**

गौरीगंज । केहिदिन अघि निधारमा अबिर लगाएर दर्जनौ नेता तथा कार्यकर्ताबीच नेकपा प्रवेश गरेका मो. आसामुदिन पुरानै घर फर्केका छन् । फोरक लोकतान्त्रिकबाट नेपाली कांग्रेसमा समायोजन भएका फोरमका गौरीगंज गाउँपालिका वार्ड नं. ६ वडा समिति अध्यक्ष मो. आसामुदिन नेपाली कांग्रेस पार्टी मै फर्किएका हुन् । छोटो समयमा विना सुझबुझ नेकपा

बाँकी पृष्ठ ४ मा

# राष्ट्रिय एकता मेलमिलाप दिवस



– **विश्वप्रकाश शर्मा**

काठमाडौं । नेपाली कांग्रेसले यो वर्षको राष्ट्रिय एकता मेलमिलाप दिवसलाई सरकारले गरेको गलत कदमलाई लिएर राष्ट्रिय एकताको रुपमा मनाउने भएको छ । बुधबार न्युज एजेन्सी नेपालसँग कुरा गर्दै नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले सरकारको अलोकतान्त्रिक कदमको विरोधका लागि जनतालाई एकत्रित गर्न यो वर्षको मेलमिलाप दिवस केन्द्रित हुने बताए ।

कांग्रेसले २०३३ साल पुस १७ गते देखि हरेक वर्ष सोही दिन राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउँदै आएको छ । यो वर्ष मेलमिलाप दिवसको कार्यक्रम ७७ वटै जिल्लामा मनाउने निर्णय कांग्रेसले गरेको छ ।

**मो. आसामुदिन**...

प्रवेश गरि ठुलो भूल गरेको भन्दै मो. आसामुदिनले नेपाली कांग्रेस पार्टी मै रही पार्टीको निर्देशन र अनुशासनमा रहेर पार्टीको सक्रिय सदस्यको रूपम कार्य गर्ने प्रेस नोटमा उल्लेख्य गरेका छन् ।

मंसिर १८ गते नेकपा केन्द्रीय सदस्यीय तथा प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्की र सांसद दिपक कार्कीलगायत नेकपाका सयौं नेता तथा कार्यकर्ताका बीच अबिर लगाएर मो. आसामुदिन सहित २८ जना नेकपा प्रवेश गरेका थिए

'टोलकै छरछिमेक साथी भाईहरूसंग पार्टी प्रवेशको विषयमा गहन कुराकानी हुन सकेन । नेकपा गौरीगंजका केही व्यक्तिसंग सम्पर्क भई एक्कासी छोटो समयमै पार्टी प्रवेशको कार्यक्रम तय भई माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्की र पुर्व सांसद दिपक कार्कि ज्युको विशेष आतिथ्यतामा भएको कार्यक्रममा मलाई नेकपामा प्रवेश गराईयो । म द्वविधामा थिए । मलाई सोच्ने समय नै दिईएन । अन्योलताका बीच नेकपा कन्चिरा टोल समितिको अध्यक्ष बनाई मलाई पार्टी प्रवेश गराईयो । '

'आजदेखि नेकपाको सदस्यता त्याग गरि कुनै पनि गतिविधिमा संलग्न नहुने जानकारी गराउँदै नेपाली कांग्रेस पार्टीको विधि, विधान र अनुशासनमा रही एक सच्चा , कर्मठ र ईमानदार कार्यकर्ताको भुमिका खेल्ने छु' - प्रेस नोटमा उनले उल्लेख गरेका छन् ।

**पेट्रोलियम**....

चरणमा छ । पाइपलाइनको सर्वेक्षण सम्पन्न भएको छ । अब डीपीआर तयार हुनेछ । यी काम पनि डीपीआर अन्तर्गतकै काम हुन् ।''

पाइपलाइनबाट आएको पेट्रोलियम पदार्थलाई चारआलीमा भण्डारण गरिने छ । कुल ४१ हजार ६५० किलोलिटर क्षमताको पेटोलियम पदार्थ भण्डारण निर्माण हुनेछ । जसमा १२ हजार किलोलिटर पेट्रोल, २८ हजार किलोलिटर डिजेल, चारसय किलोलिटर मट्टितेल र १२ सय किलोलिटर हवाई इन्धन भण्डारण क्षमताको निर्माण गरिने छ ।

यो प्रदेश नम्बर १ लाई ९० दिनसम्म पुग्ने पेट्रोलियम पदार्थको भण्डारण हुनेछ ।

– गोरखापत्र दैनिक

**ओलीका**....

त्यही सावित गरेर देखाउनु भयो । उहाँलाई गलत व्यक्ति भनेर हामीले सोचेका थिएनौं । तर संसद विघटन गरेपछि उहाँ गलत भन्ने प्रमाणित भयो । उहाँ बाँदरे प्रबृतिको नेता हुनुहुँदोरहेछ । उहाँ गणतन्त्र र परिवर्तन चाहनु हुन्न भन्ने कुरा अब चाहिं पूर्ण रुपमा पुष्टि भयो । केपी ओलीले राजा पनि त्याउन सक्नुहुन्छ कि भन्ने भय मुलुकबासीमा छ । उहाँ प्रदेशसभा पनि विगठन गरेर थप गलत काम गर्न उद्दत हुनुभएको छ । यसले उहाँको चरित्र र नियत पर्दाफास गरिदिएको छ । उहाँ मुखुण्डो ओडेर राजनीति गर्ने व्यक्ति हो भन्नेमा अब शंका रहेन । जनताको रगत, पसिना र सहिदको बलिदानमाथि खेलवाड गर्ने व्यक्ति हो भन्ने अब कुनै भ्रम छैन ।

कांग्रेस कमजोर भएको हो ?

- कांग्रेस कमजोर जस्तो देखिएको छ । हरेक परिवर्तनमा शान्तिपूर्ण ढंगले भूमिका निर्वाह गर्ने पार्टी भएकाले त्यस्तो भएको हो । अमुक व्यक्तिले भने जस्तो निम्छरो र कमजोर चाहिं होइन । हिंसा आतंक र अराजकतामा कांग्रेस विश्वास गर्दैन । कम्युनिष्ट र कांग्रेसको स्कुलिङ फरक भएर पनि अहिलेको घटनामा कांग्रेस कमजोर जस्तो देखिएको हो । तोडफोड गर्नु टायर बाल्नु, सडक अवरुद्ध गर्नु मात्रै आन्दोलन होइन । शालिन ढंगले रुपान्तरण गर्न सक्नु चाहिं साँचो अर्थमा आन्दोलन हो । झगडा गरेर र तोडफोडले मात्रै कोही शक्तिशाली सावित हुने होइन् ।

**टोपी**....

वर्षीय गमबहादुर थापाले भन्नुभयो, ' हिँड्ने बेलामा कता भनेर सोध्नै पर्दैन थियो, उसले लगाएको टोपी हेरेर थाहा हुन्थ्यो ।' थापाका अनुसार पछाडि ढल्काएर टोपी लाए जुवा खेल्न हिँडेको भन्ने थाहा हुन्थ्यो ।

'लज्जालुहरुले निधारै छोपेर अगाडि ढल्कने गरी टोपी लाउने चलन हो', गमबहादुरले भन्नुभयो, 'उबेला टोपी लगाउने मान्छेलाई राम्रो मानिन्थ्यो ।' त्यसबेला अहिलेको जस्तो ढाकाको टोपी थिएन । 'भारतमा गएका आफन्तहरुबाट कोरा वा भादगाउँले टोपी मगाउनुपथ्र्यो', ७८ वर्षीय वीरबहादुर थापाले भन्नुभयो, 'किन्न पैसा नहुने, पाउन मुस्किल पर्ने भएकाले एउटै टोपी वर्षौंसम्म लगाउनुपथ्र्यो ।'

टोपी लगाउने तरिकाको बारेमा बूढापाकाहरुको पुराना फोटो हेर्दा जानकारी भएको भन्दै खानीगाउँ आधारभूत विद्यालयका प्रधानाध्यापक नलबहादुर साठीघरेले बा-बाजेहरुले लगाएको देखेरै आफूले पनि टोपी लगाएको बताउनुभयो । 'पहिले लगाउने तरिका र अहिलेमा धेरै फरक छ', ५३ वर्षीय साठीघरेले भन्नुभयो, 'अहिले नेपाली पहिचानका लागि पनि टोपीको महत्त्व छ ।'

ढाका टोपी भन्नेबित्तिकै धेरैलाई पाल्पाको सम्झना आउँछ । २०१५ सालमा नेपालमै पहिलो पटक तानसेनबाट सुरु भएको पाल्पाली ढाका अहिले ओझेल पर्दैछ । कामदारको अभाव, कच्चा पदार्थ पाउन मुस्किललगायतका कारण पनि ढाका सङ्कटमा परेको हो ।

स्वर्गीय गणेशमान महर्जनले पाल्पाली ढाकाको व्यवसाय सुरु गर्नुभएको थियो । पाँच सयभन्दा बढी कामदारलाई रोजगारी दिएर ढाकाको उद्योग चलाएको सम्झने स्वर्गीय गणेशमानकी श्रीमती ८२ वर्षीया पूर्णमाया महर्जनले अहिले पाल्पालीको नाउँमा केही व्यापारीहरुले गोरखपुरलगायत पूर्वेली ढाका ल्याएर सस्तोमा बेच्दा पनि समस्या भएको बताउनुभयो ।

पहिले ढाका टोपी र चोली मात्रै चलनमा थियो । केही वर्ष अघिदेखि खस्किँदो ढाकालाई उकास्न ढाकाको उत्पादनलाई विविधीकरण गरियो । ढाकाकै पर्स, झोला, टाइलगायत विभिन्न सामग्री बन्न थाले । धेरैले रोजगारी पनि पाए ।

ढाका व्यापारी हरि रायमाझीका अनुसार अहिले पनि तानसेनबाटै वार्षिक चार करोडभन्दा बढीको कारोबार ढाका व्यवसायबाटै हुन्छ । तर पाल्पालीभन्दा बाहिरबाटै ल्याएका ढाका यहाँबाट बेचिएका छन् । पाल्पा चिनाउने ढाका अहिले सङ्कटमा रहेकोमा निकै चिन्ता लागेको पूर्णमायाले बताउनुभयो । - उज्यालो







